# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०८२

## (Local Disaster and Climate Resilience Plan, 2025)

यमुनामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरुअठा रौतहट

**निर्माण निर्देशिकाः** स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८

**(Local Disaster Risk Management Plan Guideline LDRMP-2068)**

र

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ (मस्यौदा)

**(Local Disaster and Climate Resilience Plan Guideline LDCRP-2074)**

**दस्तावेज** : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०८२

**सर्वाधिकार** : यमुनामाई गाउँपालिका, सरुअठा, रौतहट

**सहयोग** : युनिसेफ

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग :**

यो योजनाको तर्जुमा यमुनामाई गाउँपालकिा द्वारा युनिसेफ नेपालको सहयोगमा गरिएको हो ।

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Management |
| सामना क्षमता | Coping Capacity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofiting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न/सङ्कटासन्न | Vulnerable/Vulnerability |

## बिषय-सूची

## खण्ड १ : परिचय


### १. पृष्ठभूमी

१.१. गाउँपालिकाको परिचय र प्रकोपको अवस्था
१.२. योजनाको परिकल्पना, ध्येय तथा लक्ष्य
१.३ योजनाकोउद्देश्य
१.४ योजनाको आवश्यकता तथा महत्व
१.५ योजनाको सीमा
१.६ योजना निर्माण प्रक्रिया विधि
१.७ योजना कार्यान्वयन रणनीति
१.८ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

## खण्ड २

### २. प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

**२.१ प्रकोपको पहिचान तथा स्तरीकरण**
२.१.१ प्रकोप स्तरिकरण
**२.२ प्रकोप बिश्लेषण**
२.२.१ ऐतिहासिक समय रेखा
२.२.२ प्रकोप, मौसमी, तथा बालीपात्रो
२.२.३ लक्षित समुह छलफल
२.२.४ गाँउ तथा टोलको संकटासन्नता स्तरिकरण
**२.३ गाउँपालिकाकोक्षमता विश्लेषण**
२.३.१ स्रोतको उपलब्धता तथा पहुच
२.३.२ स्थानीय ज्ञान सीप क्षमता र प्रविधीको लेखाङ्कन
२.३.३ गाउँपालिकामा कार्यरत संस्थागत विश्लेषण सम्बन्ध वा चित्र
**२.४ जोखिम पहिचान तथा विश्लेषण**
२.४.१. जोखिम व्यवस्थापन क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण

## खण्ड-३

### ३. दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

३.१ दीर्घकालिन सोंच
३.२ परिदृश्य
३.३ लक्ष्य
३.४ उद्देश्य
३.५ नीति
३.६ रणनीति

**खण्ड - ४**

**४. स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू**

४.१.१. जनचेतना तथा क्षमता अभिवृद्धि
४.१.२ जोखिम न्युनिकरणका क्रियाकलापहरू
४.१.३ आपत्कालिन पुर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु
४.१.४ विपद् पश्चात् पुर्नलाभ अर्न्तगत पुनर्स्थापना र पुनर्निर्माणका क्रियाकलापहरु

**खण्ड - ५**

**५. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता**

५.१. उपसमिति गठन
५.२. अनुगमन प्रक्रिया
५.३. मूल्याङ्कन
५.४. योजनाको अध्यावधिकता

**अनुसूची १ :** विषयगत क्षेत्र प्रमुख तथा सदस्यहरुको बिवरण
**अनुसूची २ :** विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार


# खण्ड १ : परिचय

## १. पृष्ठभूमि :

जलवायु परिवर्तन एक प्राकृतिक प्रकृया भए पनि विकासक्रम संगै कार्वन उत्सर्जनमा भएको वृद्धिले गर्दा जलवायु तिव्र गतीमा परिवर्तन भइरहेको अध्ययनहरुले देखाइरहेका छन्, जसका कारण विभिन्न प्रकोपहरु घट्ने गरेका छन् । नेपाल जलवायु परिवर्तनको जोखिममा चौथो स्थानमा, जल उत्पन्न प्रकोपको जोखिममा ३० औं स्थानमा र भूकम्पको जोखिमको हिसाबले ११ औं नम्बरमा विश्व मानचित्रमा पर्दछ । जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा वृद्धि र वर्षाको समय तथा मात्रामा विषमता आदिमा देख्न सकिन्छ र यस्ता असरहरुले वर्षेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाको लहरहरु जस्ता घटनाहरु बढि मात्रामा देखिरहेका छन् । त्यसैगरि नेपालले भूकम्प जस्तो भयानक प्रकोपबाट पनि समय समयमा ठूलो नोक्सानी व्यहोरदै आएको छ । यसको प्रत्यक्ष असर प्राकृतिक स्रोत, जैविक विविधता र जिविकोपार्जन माथि देखा पर्न थालेको छ । जलवायु परिवर्तनसँगै आएको अनिश्चितता एवं विषमतासँग जुध्ने स्थानीय उपायहरुको प्रभावकारितामा कम हुँदै गइरहेको छ र आगामी दिनमा अझ बढ्ने देखिन्छ । जटिल भू-बनावट, अल्पविकास, अशिक्षा, प्राकृतिक श्रोतको क्षयीकरण र कमजोर आन्तरिक क्षमताका कारणले गर्दा रौतहट जिल्ला जलवायु परिवर्तनको असरबाट अति जोखिममा रहेको छ । न्यून लगानी, अपर्याप्त सामाजिक एवं भौतिक संरचना र विभिन्न जलवायुजन्य प्रकोपले गर्दा यस क्षेत्रमा चुनौतीहरु थपीने क्रममा तिव्रता अन्य क्षेत्र भन्दा अगाडि रहेको छ । जलवायु परिवर्तनको असर एउटा विश्वव्यापी समस्या भए पनि यसको असर मुख्यतः अल्प विकसित क्षेत्रमा टड्कारो रुपमा देखा परेको पाइन्छ ।

### १.१ यमुनामाई गाउँपालिकाको परिचय :

रौतहट जिल्लामा विद्यमान १८ स्थानीय तहहरु मध्ये यमुनामाई गाउँपालिका जिल्लाको दक्षिण पुर्वी भागमा अवस्थित रहेको छ । साविक जेठरहिया, भेडियाही, राजपुर तुल्सि, सरुअठा र झुनखुनवा गरी ५ वटा गाविस मिलेर बनेको यो गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिका नामाकरण भए पश्चात ५ वटा वडामा विभाजित भएको हो । यमुनामाई गाउँपालिका नेपालको मधेश प्रदेश अर्न्तगत रौतहट जिल्लामा अवस्थित रहेको छ । यो गाउँपालिका पुर्वपश्चिम राजमार्ग भन्दा ३० कि मी दक्षिण र भारतिय सिमाना भन्दा ७ किमी उत्तरमा अवस्थित छ । यस गाउँपालिकामा प्रचुर कृषी उद्योग र कुटिर उद्योगको प्रचुर संभावना छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा २८ हजार ४ सय १४ जनसंख्या रहेकोमा पुरुषको जनसंख्या १३,८८७ र महिलाको संख्या १४,५२७ रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजातीहरुको एक सौहार्द्रपूर्ण बसोबास रहेको पाइन्छ । साविकको जेठहरिया, भेडियाही, राजपुर तेलसी, सरुअठा र झुन्खुन्वा गाविसहरुलाई समेटेको यमुनामाई गाउँपालिका १६.७१ वर्ग कि मी क्षेत्रफलमा फैलिएको छ

यस गाउँपालिकामा भएर २ वटा ठुला साना झाँझ र लमहा नदिहरु बग्ने गर्दछ । यी तिनै नदिले यमुनामाई गाउँपालिकाको वडा न १ , २, ३ र ४ को बस्तीहरुमा हरेक वर्ष बाढीले कटान तथा डुवान गर्ने भएकोले बाढीको उच्च

जोखिममा यी वडाहरु रहेको छ । जेठेरैया र सरुअठा वडा भएर बग्ने लम्हा खोला (झाँझ) बाग्मती नदिमा पुगेर मिसिन्छ । झाँझ सिंचाई योजनाले राजपुर तुल्सी, र भेडीयाही लगायतका अन्य गाउँपालिकका विभिन्न वडामा सिंचाई पुर्‍याएको छ । ***(श्रोत: गाउँपालिकाको प्रोफाइल, २०७६)***

## १.२ योजनाको परिकल्पना, ध्येय तथा लक्ष्य

**परिकल्पना:** योजनाको परिकल्पना यमुनामाई गाउँपालिकालाई विपद् जोखिम युक्त गाउँपालिकाकोरुपमा स्थापित गर्ने रहेको छ ।

**ध्येय :** यस योजनाको मुख्य ध्येय विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई विकासमा मुलप्रवाहीकरण गर्ने र समुदायको हरेक वर्गको जीवनस्तरमा सुधार ल्याई सुरक्षित बाँच्न पाउने अधिकार कायम गर्ने रहेको छ ।

**लक्ष्य :** यस योजनाको लक्ष्य विपद्बाट हुने जनधनको क्षति तथा जोखिमलाई कम गर्नुको साथै सहभागितामुलक प्रक्रियाबाट पहिचान गरिएका मुद्दाहरुलाई योजनाको रुप दिई पुर्वतयारीको कार्यहरु गर्ने, जीविकोपार्जन अभिवृद्धि गर्ने र विपद् जोखिम न्यूनीकरणका कार्यलाई विकास योजनाहरुमा मुलप्रवाहीकरण गर्ने रहेको छ ।

## १.३ योजनाको उद्देश्य

विपद् जोखिम व्यवस्थापनका कार्यहरुलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित समुदायको निर्माण गर्नको लागि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहीकरण गरी दीगो विकास गर्नको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय निर्माण गरेको ***"स्थानीय विपद् तथा जलवायु उत्थानशीलय योजना तर्जुमा निर्देशिका, २०७४"*** को मस्यौदा अनुसार निर्माण गरिएको छ । यस योजनामा विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकुल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु मूल उद्देश्य रहेको छ ।

- ❖ विपद् सम्बन्धी न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गरी गाउँपालिकास्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने ।
- ❖ गाउँपालिकाभित्र रहेका विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान तथा विश्लेष्ण गर्ने ।
- ❖ विपद् जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रम सहितको योजना तर्जुमा गर्ने ।
- ❖ विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्ने ।
- ❖ विपद् सँग सामना गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने ।

- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्ने ।
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्दार गरी मानवीय सेवा प्रदान गर्ने ।
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउने ।
- उपलब्ध न्युनतम साधन श्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन श्रोतको खोजी गरी सरकार र सरोकारवाला निकाय तथा संघसंस्था सँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउने ।

## १.४ योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरुलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रुपमा निरन्तर यो योजना कार्यान्वयन हुन्छ। विपद्को घटना, मानव समुदायका लागि सम्वेदनशील भएकाले यस्तो अवस्था नआओस भन्नाको निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसँग समायोजन गरी दीगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुँदा यसले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको छ। त्यसैले यस योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ। गाउँपालिकास्तरीय विपद् जोखिम व्यवस्थापनमा योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछ।

- गाउँपालिकास्तरमा संस्थागत संरचना तयार हुने ।
- गाउँपालिकास्तरीय विपद् जोखिम न्यूनीकरणमा सूचनाको पहुँच रहने ।
- बहुखतारा जोखिम तथा क्षमता विश्लेषणमा समुदायको सहभागिता हुने ।
- गाउँपालिकामा प्रतिकार्य समुहहरु निर्माण हुने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा हुने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना हुने ।
- समुदायले व्यवस्थापन गरेको श्रोतहरुमा समान पहुँच हुने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने ।
- यस योजनाले विपद् पुर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकुल प्रभावको सामना गर्न मद्दत पुरयाउँछ ।

- ❖ स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी पूर्वतयारी, पूर्व सचतेना प्रणाली, न्यूनीकरण , रोकथाम गर्नु, र प्रभावित व्यवस्थित , प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउँछ ।
- ❖ योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- ❖ विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ ।
- ❖ पिडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- ❖ उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायका समान पहुँच प्रत्याभुति गर्छ ।
- ❖ आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- ❖ सामाजिक, साँस्कृतिक र स्वास्थ्य प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- ❖ खानेपानी, सरसफाई र स्वास्थ्य प्रर्वद्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- ❖ स्रोतको सही सदुपयोग गरी प्रभावित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- ❖ क्षेत्रगत रुपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्व भावनाको विकास गराउँछ ।

## १.५ योजनाको सिमा

हरेक योजना तथा कार्यक्रमहरुका आफ्नै महत्व र सीमा हुन्छन् । यस योजनाका पनि महत्वका साथै निम्नअनुसार सीमा पनि रहेका छन्

- ❖ योजनाको कार्यान्वयन स्थानीय निकायहरुले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा गर्ने भएकाले विकास निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छन् ।
- ❖ यो योजना ***"स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४"*** को मस्यौदा अनुसार तयार गरिएको छ ।
- ❖ यस योजनाको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक रुपमा जनशक्ति तयार गर्न समय लाग्ने छ र त्यसको लागि श्रोतको खोजी गर्नुपर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ नै भने निक्यौंल गर्न सकिदैन ।
- ❖ यस योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा कम उपलब्धता रहन सक्छ ।

## १.६ योजना निर्माण प्रक्रिया विधि :

***"स्थानीय विपद् तथा जलवायु उत्थानशील तर्जुमा निर्देशिका, २०७४"*** को मस्यौदा अनुसार यो योजना तर्जुमा गर्दा गाउँपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामुलक र यथार्थपरक बनाउन निम्न अनुसारको प्रक्रियाहरु अवलम्वन गरिएका छन् ।

**योजना निर्माणमा गाउँपालिकाकोछनौट :** जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, रौतहटको अनुसार यमुनामाई गाउँपालिका बहुबिपद् जोखमियुक्त गाउँपालिकाको रुपमा स्तरीकरण गरिएकोले गाउँपालिका र सहयोगी निकाय युनिसेफ नेपालको सहयोगमा यमुनामाई गाउँपालिकाको स्थानीय बिपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाका लागी प्रक्रियाको शुरुआत भएको थियो ।

**प्रारम्भिक भेला तथा स्थानीय विपद् व्यवस्थापन समितिमा छलफल :** गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुदिजिवीहरु, ज्येष्ठ नागरिक, स्थानीय संघसंस्थाको प्रतिनिधि तथा सरोकारवालाहरुको सहभागितामा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका अनुसार छलफल गरिएको छ ।

**गाउँपालिकास्तरीय छलफल :** गाउँपालिकास्तरीय योजना बनाउने विषयमा यमुनामाई गाउँपालिका तथा स्थानीय विपद् ब्यवस्थापन समिति तथा अन्य स्थानीय संघसंस्थाका प्रतिनिधि तथा सरोकारवालाहरुसँग छलफल गरी गाउँपालिका स्तरीय योजना बनाउने कार्य गरिएको छ ।

**योजना निर्माण अभिमुखीकरण :** स्थानीय विपद् तथा जलबायु उत्थानशील समिति यमुनामाईको आयोजनामा योजना निर्माण अभिमुखीकरण गरिएको थियो । यस अभिमुखीकरणमा सहभागीहरुलाई विपद् सम्बन्धी विषयवस्तु जस्तै विपद्, प्रकोप, सङ्कटासन्न, जोखिम र क्षमता बारेमा छलफल गरिएको थियो भने सूचना संकलन विधि तथा प्रक्रियाका बारेमा छलफल तथा अभ्यास गरिएको छ ।

**स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण :** यस योजना तयार गर्ने सम्बन्धमा यमुनामाई गाउँपालिकाको गाउँपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन समिति, गाउँपालिकाको कार्यालय, वडा कार्यालय, वडा स्तरीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी सङ्कटासन्नता तथा क्षमता विश्लेषण (भि.सि.एं) तथा योजना निर्माणको क्रममा गाउँपालिकाको ५ वटै वडाहरुका प्रतिनधिहरु संग छलफल तथा पुनरावलोकन गरी यस यमुनामाई गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरिएको छ ।

**वडा स्तरीय सूचना संकलन :** गाउँपालिका स्तरीय स्थानीय बिपद् तथा जलवायु उत्थानशील योजना निर्माणका क्रममा सहजकर्ताहरु द्वारा प्रत्येक वडाका प्रतिनिधिहरु संग सहभागितामुलक रुपमा सूचना संकलन गरिएको थियो । जसमा

विशेष गरेर सामाजिक र आर्थिक सूचनाहरु, गाउँपालिकामा हुने प्रकोपहरु र विपद्‌को ऐतिहासिक विवरण आदि संकलन गरिएको थियो ।

योजना तर्जुमाको लागि प्रयोग गरिएका संकटासन्नता तथा क्षमता विश्लेषण औजारहरु :

१) प्रकोप ऐतिहासिक समयरेखा विश्लेषण

२) प्रकोप पहिचान तथा स्तरीकरण

३) प्रकोप, मौसमी तथा बाली पात्रो

४) जोखिम तथा समस्या विश्लेषण

५) संस्थागत विश्लेषण वा सम्बन्ध चित्र

६) तापक्रम र वर्षाको विश्लेषण

७) लक्षित समुह छलफल

८) स्थानीय ज्ञान सीप क्षमता र प्रविधिका लेखांकन

९) समुदायको संकटासन्नता क्षमता विश्लेषण

**योजना खाका लेखन कार्य :** सहभागीहरुबाट आएको सूचना तथा योजना निर्माणका क्रममा वडा तथा पालिका प्रतिनिधिहरुबाट आएका सङ्कटासन्नता तथा क्षमता विश्लेषण र वडा स्तरका योजनाहरुलाई समेट्दै विपद् जोखिम व्यवस्थापन परामर्शकर्ता र स्थानीय बिपद् तथा जलबायु उत्थानशील समितिको परामर्शमा यो योजना लेख्ने कार्य सम्पन्न भएको छ ।

**पालिकाको स्तरीय योजना बैठक :** योजना निर्माण गर्नको लागि गाउँपालिका स्तरिय छलफल तथा योजना तर्जुमा बैठक संचालन गरिएको थियो । सहभागितामूलक रुपमा विभिन्न प्रकोपको असरहरु कम गर्न र विपद्‌को अवस्था सिर्जना हुन नदिन विपद् पहिले के के कार्य गर्ने विपद् भै हालेको अवस्थामा के के कार्यहरु गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल तथा समुह कार्य गरिएको छ । सहभागिहरुबाट तथा गाउँपालिकाबाट आएको सूचनाको आधारमा यमुनामाई गाउँपालिकाको गाउँपालिका स्तरीय योजना तयार गरिएको छ । योजना निर्माणका क्रममा वडास्तरबाट आएका योजनाहरुलाई समेट्दै आवश्यकता अनुसार थप योजनाहरुको पनि छनोट गरिएको छ ।

**योजनाको प्रस्तुती र सुझाव संकलन गोष्ठी :** योजनालाई गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गरी योजनामा थप्नुपर्ने बुँदाहरु र आवश्यक सल्लाह सुझाव समेटिएको छ ।

**योजनाको अन्तिम लेखन कार्य र योजनाको तयारी :** गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा सहभागिहरुबाट आएको सुझावलाई समेटेर विपद् जोखिम व्यवस्थापन योजनाको तयारी कार्य सम्पन्न गरिएको छ ।




## १.७ योजना कार्यन्वयन रणनिति

### १.७.१ योजनाको स्वीकृति :

गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिबाट तयार भएको गाउँपालिका स्तरीय विपद् तथा वलवायु उत्थानशील योजनालाई गाउँपालिकाको कार्यालयले आवश्यक प्रक्रिया पूरा गरी गाउँपरिषद्बाट स्वीकृत गराउने छ ।

### १.७.२ बजेट व्यवस्था :

१.७.२.१ गाउँसभाबाट स्वीकृत योजना भएकोले निर्धारित प्राथमिकता प्राप्त क्रियाकलापहरु सञ्चालनको लागि गाउँपालिकाले आफ्नो क्षमताले भ्याएसम्म बजेट विनियोजन गर्नेछ ।

१.७.२.२ योजना कार्यान्वयनको लागि गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्थापनमा पहल गर्नेछ ।

### १.७.३ योजना कार्यान्वयन :

१.७.३.१ गाउँपालिकाको कार्यालयले स्वीकृत विपद् तथा जलवायु उत्थानशील योजना स्थानीय विपद् व्यवस्थापन समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनेछन् ।

.१.७.३.२ स्थानीय विपद् ब्यवस्थमपन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

## १.८ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन :

१.८.१ गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१.८.२ गाउँपालिकास्तरमा गठित अनुगमन समितीले विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार गाउँपालिकामा सिफारिस गर्नेछ ।

१.८.३ विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गर्नेछ ।

१.८.४ गाउँपालिकाको कुनै पनि क्षेत्रमा विपद्ले सङ्कटासन्नता ,क्षमता, र जोखिम पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नेछ । विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक ५ वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्नेछ ।

# खण्ड २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरीकरण

यमुनामाई गाउँपालिकाको प्रकोप पहिचान गर्न ऐतिहासिक समय रेखा र प्रकोप, मौसमी तथा बाली पात्रोको विश्लेषणद्वारा पहिचान गरिएको छ भने जोडागत विश्लेषण विधिबाट प्रकोप स्तरिकरण गरिएको छ। यस गाउँपालिकामा विगतको इतिहास हेर्दा सम्भावित प्रकोपहरुमा भुकम्प, बाढी, शितलहर, हुरीबतास, चट्याङ, महामारी, खडेरी, सडक दुर्घटना, जंगली जानवर आतंक, आगलागी, असिना र सर्पदंश पहिचान भएका छन् र जोखिमका हिसावले पनि निम्न उल्लेखित प्रकोप स्तरीकरण तालिका अनुसार उच्च जोखिम देखि न्युन जोखिम सम्म रहेका छन्।

### २.१.२ प्रकोप स्तरीकरण

यस यमुनामाई गाउँपालिकामा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी धेरै क्षति गर्ने प्रकोप पहिचान गरी स्तरीकरण गरिएको छ।

**वडास्तरीय प्रकोप स्तरीकरणमा देखिएका प्रकोपहरु**

| वडा | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौ | छैठौ | सातौ | आठौं | नवौ | दशौ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प | बाढी | महामारी | सडक दुर्घटना | शितलहर | आगलागी | जनवर आतंक | हुरीबतास | ऋसिना | चटयाङ्ग |
| २ | भूकम्प | बाढी | महामारी | सडक दुर्घटना | शितलहर | आगलागी | जनवर आतंक | हुरीबतास | ऋसिना | चटयाङ्ग |
| ३ | भूकम्प | बाढी | महामारी | सडक दुर्घटना | शितलहर | आगलागी | जनवर आतंक | हुरीबतास | ऋसिना | चटयाङ्ग |
| ४ | भूकम्प | बाढी | महामारी | सडक दुर्घटना | शितलहर | आगलागी | जनवर आतंक | हुरीबतास | ऋसिना | चटयाङ्ग |
| ५ | भूकम्प | महामारी | सडक दुर्घटना | बाढी | शितलहर | आगलागी | जनवर आतंक | हुरीबतास | ऋसिना | चटयाङ्ग |

**प्रथम स्तरीकरण** : भूकम्पः ५,

**दोश्रो स्तरीकरण :** बाढीः ४, महामारी:१

**तेश्रो स्तरीकरण :** महामारीः ४, सडक दुर्घटनाः १

**चौथो स्तरीकरण :** सडक दुर्घटनाः ४, बाढी:१

**पाचौ स्तरीकरण** : शितलहर: ५

छैठौ स्तरीकरण : आगलागी: ५

सातौ स्तरीकरण : जानवर आतंक: ५

आठौ स्तरीकरण : हुरीबतास: ५

नवौ स्तरीकरण : असिना: ५

दशौ स्तरीकरण : चटयांङ्ग : ५

५ वटै वडाको प्रकोपलाई विश्लेषण गर्दा यमुनामाई गाउँपालिकामा प्रथम प्रकोप : भूकम्प, दोश्रो प्रकोप : बाढी, तेश्रो प्रकोप: महामारी, चौथो प्रकोप: सडक दुर्घटना, पांचौ प्रकोप: शितलहर, छैठौं प्रकोप :आगलागी, सातौ प्रकोप : जंगली जानवर आतंक, आठौ प्रकोप : हुरीबतास, नवौ प्रकोप: असिना र दशौ प्रकोप: चटयाङ्ग रहेका छन भन्ने यहाका लागि सर्प दंश र विद्युतिय करेन्ट पनि सहायक प्रकोपको रुपमा रहेको देखिएका छन ।

समुदायसंगको छलफलको आधारमा यमुनामाई गाउँपालिकामा जम्मा १० वटा मुख्य प्रकोपहरु रहेको पाइएको छ । गाउँपालिकाको लागि भूकम्प पछि दोश्रो ठुलो प्रकोपको रुपमा बाढी रहेको छ । भूकम्प नेपालको प्राथमिकता अनुसार पहिलो प्रकोपको रुपमा रहेका छन भन्ने गाउँपालिकाको ५ वटै वडाहरुमा गरिएको प्रकोप स्तरिकरणको नतीजालाई विश्लेषण गर्ने हो भने ५ वटै वडा मध्ये वडा नं १ देखि ४ सम्मले दोश्रो प्रकोपको रुपमा बाढीलाई र वडा नं ५ ले दोश्रो प्रकोपको रुपमा महामारीलाई आफनो वडाको पहिलो प्रकोपको रुपमा राखेका छन् ।

## २.२ प्रकोप बिश्लेषण :

यमुनामाई गाउँपालिकाको मुख्य जोखिम तथा समस्याको कारण, कारक तत्व, त्यसले पार्ने प्रभाव र ती जोखिम तथा समस्या समाधान गर्ने उपायको विषयमा समस्या वृक्ष विश्लेषणका लागि सामुहिक छलफल, महिला तथा ज्येष्ट नागरिकसँग लक्षित समुह छलफल, परामर्शदाता तथा सरोकारवालाका प्रतिनिधीहरुले प्रत्यक्ष अवलोकन तथा छड्के धरातलीय हिँडाईका माध्यमबाट सुचनाहरु संकलन गरि प्रकोप विश्लेषण गरी तोकिएको ढाँचामा तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | जोखिम तथा समस्या | मूल कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|
| १ | भूकम्प | प्रकृतिक | अव्यवस्थित तथा कमजोर भौतिक संरचना, जनचेतनाको कमी तथा भवन निर्माण आचार संहिताको पूर्ण रुपमा कार्यन्वयन नहुनु तथा भूकम्प प्रतिरोधि संरचना निर्माण नहुनु । | मानवीय क्षति, मृत्यु, घाइते तथा अंगभंग हुनु । आर्थिक क्षति, चौपाया, पशुपंक्षी तथा भौतिक संरचना ध्वस्त भई बिकास प्रक्रियामा अवरोध पुग्नु तथा गरीबी बढनु । | भवन अचार संहितालाई अनिवार्य रुपमा कार्यन्वयन गर्नु, बलियो तथा भुकम्प प्रतिरोधी भौतिक संरचना निर्माण, भुकम्पलाई प्राथमिकतामा राखि विकास निर्माण गर्नु पर्ने, समुदाय तथा बिद्यालयमा भूकम्पबारे जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नु पर्ने |
| २ | वाढी | प्राकृतिक र मानवजन्य | अत्यधिक बर्षा, गहिरो जमीन तथा बस्ती, दिन दिनै खोलाको उचाई बढनु, कमजोर बाँध तथा बाँधहरु फुट्ने, चारैतिर बाँधहरु बाधिनु र पानीको निकास नहुनु, पुर्वतयारीका क्रियाकलाप नहुनु । | मानवीय तथा आर्थिक क्षति, भौतिक तथा विकासका पूर्वाधारहरुमा असर, झाडापखाला तथा पानीजन्य रोग हुनु, डुबानका कारण उत्पादनमा कमी, फलफूलको नोक्सानी हुनु, जीविकोपार्जनमा समस्या आउनुका साथै दैनिक व्यवहार संचालनमा कठिनाई, सेवा संचालनमा अवरोध हुनु । | बर्षातको पानी निकासका लागि नालाहरुको व्यवस्था, सडकहरुमा ह्युम पाइप, बाँधहरुको मर्मत तथा ग्यावीन, वृक्षारोपण, पूर्वसुचना प्रणाली स्थापना, खोज तथा उद्धार सामग्री स्थापना, नदीहरुको कटान क्षेत्रहरुमा तटबन्ध, चुरे संरक्षण, जनचेतना, तालिम तथा पुर्वतयारीका गतिविधिहरु, नयाँ निर्माणका लागि बिशेष नीति नियम तयार गर्ने, |
| ३ | महामारी | मानव निर्मित कारण | वातावरण प्रदुषण, चर्पीको प्रयोग नगरी खुला दिसापिसाब गर्नाले, फोहोर पानी तथा वासी सडेगलेका खानेकुरा खानाले | बिरामी पर्नु, आर्थिक तथा मानसिक असर, स्वास्थ्यमा दिर्घकालिन असर, मानिसहरुको मृत्यू हुनु, सामाजिक आस्थामा खलल | सरसफाईमा विषेश ध्यान दिने, विभिन्न चेतनामुलक अभियानहरु संचालन गर्ने, विषदीको प्रयोगमा कमी ल्याउने, व्यवस्थित तथा सुरक्षित खानेपानीको प्रयोग, चर्पीको उचित प्रयोग, औषधि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पुग्नु, उत्पादनको समयमा विभिन्न विषादीहरुको प्रयोग | तथा दक्ष स्वास्थ्यकर्मीको पूर्व तयारी |
| ४ | सडक दुर्घटना | मानव सिर्जित | गाडी चालकको लापरवाही, चालकहरुले ट्राफिक नियमको पालनामा कमी, जथाभावी गाडी पार्किङ, ट्राफिक जनचेतनाको कमी , मदिरापान गरी सवारी चलाउनु, जथाभावी बाटो काट्नु | धेरै मानिसहरुको मृत्यु, घाइते, अंग भंग हुनु तथा आर्थिक रुपमाअत्यधिक क्षति हुनु | गाडी चालकहरुमा ट्राफिक नियमको पालन गरे नगरेको नियमित अनुगमन गर्ने, उचित प्राकिङको व्यवस्था गर्ने, चालक तथा सर्वसधारणलाई ट्राफिक नियमको अभिमुखिकरण दिने । |
| ५ | शितलहर | प्राकृतिक | कमजोर आर्थिक स्थितिले गर्दा आवश्यक न्यानो कपडा किन्न नसक्नु, आवश्यक पूर्वतयारी नभएको, लामो समय सम्म चिसो हावा वहनु, तापक्रम घटदै जानु | बस्तु भाउ, मानिसहरुको मृत्यु, बालीनालीमा क्षति, रुघा खोकी, निमोनियाँ बिरामीहरुको सङख्यामा उल्लेख्य वृद्धि, लामो समयसम्म विद्यालय बन्द हुँदा पठन पाठनमा समस्या आदि । | न्यानो कपडा लगाउने, शितलहर भएको समयमा बाहिर ननिस्कने, आवश्यक पूर्व तयारीको योजना बनाउने |
| ६ | आगलागी | प्राकृतिक तथा मानव सिर्जित | लापरवाही, चेतनाको अभाव, जथाभावी आगो लगाउने, हुरी बतास, कच्ची तथा खरका छाना भएका घरहरु | बसोबास रहदैन, आर्थिक तथा भौतिक क्षति, व्यवसायमा नष्ट, सेवा संचालनमा अवरोध, | संरचना निर्माण गर्दा आगोले असर नगर्ने गरी गर्ने, जनचेतना जगाउने, विद्युत जडान तथा प्रयोगमा ध्यान दिने, |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जंगली जानवर | मानविय र प्राकृतिक | जनसङख्या वृद्धिले गर्दा खेतियोग्य जमिन, कल कारखाना स्थापना, बाटो निर्माण, मानव बस्तीले गर्दा वन विनास भई जङगली जनावरहरुको वासस्थान समेत धरापमा परेकोले निल गाई आतङक बढी रहेको छ। | गाईबस्तु नियमित रुपमा आक्रमणमा परेको, विभिन्न अन्नबाली नष्ट, जिविकोपार्जनमा समस्या, खेतियोग्य जमिन बाँझो रहेको । | वन्यजन्तुलाई धपाउनको लागी आवश्यक सामाग्रीहरुको व्यवस्था गर्ने, खेतियोग्य जमिन र वनको विचमा खाडल तयार पार्ने, घरपालुवा जनावरहरुको खोर तथा गोठहरु बलियो वनाउने, वन्यजन्तुहरुको आक्रमणबाट सुरक्षित हुन अबलम्बन गर्नुपर्ने उपायहरु बारे जानकारी दिने, होडिङ वोर्ड राख्ने, आकस्मीक टेलिफोन नम्बर संकलन गर्ने तथा विभिन्न ठाउँहरुमा चार्ट बनाएर राख्ने व्यवस्था गर्ने |
| ८ | हुरीबतास | प्राकृतिक | कच्ची, फुस तथा टीनका छाना, अग्ला रुख | मानवीय तथा आर्थिक क्षति, भौतिक तथा विकासका पुर्वाधारहरुमा असर, उत्पादनमा कमी, फलफूलको नोक्सानी हुनु, बसोबासमा समस्या, बाटोघाटो बन्द हुनु | घर तथा भौतिक संरचना निर्माण गर्दा प्रविधिमा ध्यान दिने र घर छेउछाउमा अग्ला रुख नरोपने । |
| ९ | असिना | प्राकृतिक | बादलको माथिलो भागको तापक्रम शुन्य डिग्रि सेल्सियस भन्दा कम हुनु । | मानवीय तथा आर्थिक क्षति, बालीनाली तथा कच्ची घरहरुमा क्षति, उत्पादनमा कमी, फलफूलको नोक्सानी हुनु, बसोबासमा समस्या हुनु | कच्चि घरको छनामा जस्ता लगायतका बलियो छाना बनाउनु । बेमौसमी तरकारी बालीमा टनेल बनाउनु । मौसमको अवस्था हेरी मात्र घर बाहिर निस्किनु । |
| १० | चट्याङ | प्राकृतिक | बस्ती नजिक अग्लो रुख, टावर हुनु, कलकारखाना, घरहरुमा अर्थिङ नहुनु, पुर्वतयारीको कमी | चट्याङले गर्दा आगो लागि हुने धनको अत्यधिक क्षति, मानिसहरुको मृत्यु, बस्तु भाउहरुको मृत्यु | घर, गोठ वरिपरि ठूल्ठुला रुखहरु नराख्ने तथा सुरक्षित भएर वस्ने, घर वरिपरिका विजुलीका तारहरु व्यवस्थीत गर्ने र अर्थीङ गर्ने, चट्याङका कारण हुने आगलागी निभाउने यन्त्र भएका संस्था वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | क्षेत्रमा पानीको व्यवस्था समयमै मिलाउन सहयोग गर्ने तथा अनुरोध गर्ने, चट्याङले वनजंगलमा पार्न जाने असर बारे समुदायमा जनचेतना फैलाउने । |

## २.२.१ ऐतिहासिक समयरेखा विश्लेषण

यमुनाामाई गाउँपालिकामा विगत वर्षहरुमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन ऐतिहाँसिक समयरेखा तयार गरिएको छ। समय रेखाबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय तथा प्राकृतिक क्षति एवं प्रभावको बारेको जानकारी एकीकृत गर्ने प्रयास गरिएको छ। यो विधिको प्रयोग गर्दा स्थानीय जानकार व्यक्ति, जेष्ठ नागरिकहरुको सहभागितामा जोड दिइएको थियो ।

प्रकोपको इतिहाँस हेर्दा भूकम्प, बाढी, शितलहर, हुरीबतास, जंगली जानवर आतंक, चट्याङ, महामारी, खडेरी आगलागी, असिना, सडक दुर्घटना र सर्पदंश जस्ता प्रकोपहरुले यस गाउँपालिकालाई प्रभाव पारेको देखिन्छ। अरु प्रकोपको तुलनामा भूकम्प लामो समयको अन्तरालमा आएता पनि यसबाट भएको क्षति भने बढी मात्रमा रहेको छ। बाढी, शितलहर, चट्याङ, महामारी, सडक दुर्घटना र आगलागी, जस्ता प्रकोपले मानवीय क्षति निमत्याएको देखिन्छ भने असिना, हावाहुरी र जंगली जानवर आतंक जस्ता प्रकोपले विशेषगरी खेतिपाती, पशुपन्छीमा क्षति पुऱ्याएको देखिन्छ। प्राकृतिक रुपमा खेतीयोग्य जमिन तथा सामुदायिक वन, पानीको मुहान लगायतका श्रोतहरु माथि उल्लेखित सबै प्रकोपहरुले प्रभाव पारेको देखिन्छ ।

| वडा | विपद् | साल र महिना | स्थान | मानविय क्षति मृत्यु, घाइते | भौतिक क्षति | आर्थिक क्षति | प्राकृतिक क्षति ( खेती योग्य भूमी वन) | सामाजिक क्षति | सूचना पुष्ट्याइको विधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाढी | २०४५ भदौ ५ गते | जेठहरिया | ७ जनाको मृत्यु | २० वटा घर भत्केको, २ वटा काठको पुल बगाएको, २ वटा विद्यालयको घर भत्केको | १ लाख ५० हजार बराबरको धनमाल क्षति | २० विगाहा जमिन कटान गरेको | विद्यार्थीको पठनपाठन बन्द भएको | लक्षित समूह छलफल |
| | बाढी | २०५० श्रावण | जेठहरिया | ३० जना मानिसहरुको ज्यान गएको, २० जना घाइते | २ वटा काठको पुल , ५० वटा धर बगाएको , विद्यालय र मन्दिरमा क्षति, घरमा रहेको सबै मालसामान बगाएर लगेको | १ लाख बराबरको क्षति | १५ विगाहा जमिन कटान | विद्यार्थीको पठनपाठन बन्द भएको | लक्षित समूह छलफल |
| | बाढी | २०५५ भदौ | जेठहरिया | मानिसहरुलाई सामान्य चोटपटक लागेको | १० घर बगाएको , काठको पुल, विद्यालयमा क्षति गरेको मालसामान लत्ताकपडा बगाएको | २ लाख बराबरको क्षति | | | लक्षित समूह छलफल |
| | बाढी | ,२०७६ भदौ | जेठहरिया | ७५ जना मानिसहरु सामान्य घाइते भएको, | १०० घर बगाएको , रोपिएको बालीनाली डुबान गरेको, घरहरुमा पानी पसेको | १० लाख बराबरको क्षति १०५ पशु चौपाया बगेको | | सामान्य झगडा भएको ,राहत लिने बेलामा | लक्षित समूह छलफल |
| | भुकम्प | २०५५ भदौ | जेठहरिया | सामान्य चोटपटक लागेको | २ घर भत्केको | १ लाख बराबरको क्षति | | | लक्षित समूह छलफल |
| | भुकम्प | २०७२ बैशाख | | | घरहरुमा सामान्य क्षति | | | | लक्षित समूह छलफल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | असिना, र हावाहुरी | २०७५ चैत्र | जेठहरिया | सामान्य चोटपटक लागेका | छानाहरु उडाएको कच्ची घरहरु भत्केको | १ लाख बराबरको क्षति | | | लक्षित समूह छलफल |
| | महामारी | २०५० भर्दा | | गाउँका सबै मानिसहरु बिरामी भएको | | | | | लक्षित समूह छलफल |
| **वड २** | वाढी | २०५० श्रावण | भेडियाही | ३ जना मानिसहरुको ज्यान गएको, १५ जना मानिसहरु घाईते, | १५० वटा घर क्षति विद्यालय, मन्दिरमा क्षति, घरमा रहेके सबै मालसामान वगाएर लगेको, वाटोहरुमा क्षति भएको | १५ लाख वरावरको क्षति १२०वटा पशुचौपायाहरु वगाएका | १० विगाहा जमिन कटान | विद्यार्थीहरु पढ्नबाट वन्चित भएको | लक्षित समूह छलफल |
| | वाढी | २०६३ श्रावण र भदौ | भेडियाही | मानिसहरुलाई सामान्य चोटपटक लागेको, | १० घर वगाएको, मालसामान, लत्ताकपडा, खाद्यान्न वगाएको, | ५ लाख बरावरको क्षति ५० वटा पशुचौपाया वगेको | ५ विघा जमिन कटान | | लक्षित समूह छलफल |
| | वाढी | २०७२ भदौ कृष्ण जन्मष्टमीमा | भेडियाही | मानिसहरु सामान्य घाईते भएको, | २० घर वगाएको, मालसामान, लत्ताकपडा, खाद्यान्न वगाएको, | ७ लाख वरावरको क्षति, ३५ पशु चौपाया वगेको | ५ विघा जमिन कटान | राहत लिने बेला सामान्य झगडा भएको | लक्षित समूह छलफल |
| | | २०७६ असार | भेडियाही | मानिसहरु सामान्य घाईते भएको | १० घर वगाएको रोपिएको बालीनाली डुवान गरेको, घरहरुमा पानी पसेको, खाद्यान्नहरु वगाएको | ३ लाख वरावरको क्षति, २० पशु चौपाया वगेका | २ विघा जमिन कटान | पठनपाठन वन्द भएको | लक्षित समूह छलफल |
| | भुकम्प | २०७२ वैशाख १२ | भेडियाही | | घरहरुमा सामान्य क्षति | | | | लक्षित समूह छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महामारी | २०५० भदौ | भेडियाही | गाउँका सवैमानिसहरु विरामी भएको | | | | | लक्षित समूह छलफल |
| | असिना र हावाहुरी | २०७४ जेठ | भेडियाही | सामान्य चोटपटक लागेको | छानाहरु उडाएको, कच्चि घरहरु क्षति पुऱ्याएको, | १ लाख ५० हजार बरावर क्षति भएका | | | लक्षित समूह छलफल |
| | आगलागी | २०७४ | भेडियाही | सामान्य चोटपटक लागेको | २ घर जलेको, घरमा रहेको सम्पूर्ण सामान जलेका | ५ लाख बरावरको क्षति | | | लक्षित समूह छलफल |
| **वडा न ३** | बाढी | २०५० साल श्रावण | राजपुर तुलसी | २ जना मानिसहरु घाइते भएको, | २०० वटा घर बगाएको॥ विद्यालय मन्दिरमा क्षति, घरमा रहेको सबै मालसामान बगाएर लगेको | ५ लाख बराबरको क्षति , ३०० पशु चौपाया बगाएको | **१५ विगाहा जमिन कटान** | **विद्याथीहरु पढन बाट बञ्चित भएको** | लक्षित समूह छलफल |
| | बाढी | २०६६ भदौ | राजपुर तुलसी | मानिसहरुलाई सामान्य चोटपटक लागेको, | १०० घर बगाएको , विद्यालयमा क्षति गरेको। मालसाामान , लत्ताकपडा बगाएको | ३ लाख बराबरको क्षति ,२५० पशुचौपाया बगाएको | • **८ विगाहा जमिन कटान** | | लक्षित समूह छलफल |
| | बाढी | २०७७ श्रावण , २०७८ असार | राजपुर तुलसी | मानिसहरु सामान्य घाइते भएको, | ५० घर बगाएको, रोपिएको बालीनाली डुबान गरेको, खाद्यान्न लत्ता कपडा सबै सामान बगाएको | १५ लाख बराबरको क्षति , १०५ वटा पशु चौपाया बगाएको | **६० विगाहा जमिन कटान** | | लक्षित समूह छलफल |
| | आगलागी | २०५१ मंसीर | राजपुर तुलसी | | २ घर गोठ, , लुगाफाँटा, खाद्यान्न जलेको | २ लाख बराबरको क्षति , पशुचौपाया जलेको | | | लक्षित समूह छलफल |
| | भुकम्प | २०७२ वैशाख १२ | राजपुर तुलसी | | घरहरुमा सामान्य क्षति भएको | १ लाख बराबरको क्षति | | | लक्षित समूह छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हावाहुरी | २०७५ चैत्र | राजपुर तुलसी | सामान्य चोटपटक लागेको | छानाहरु उडाएको, कच्ची घरहरु भत्केको | २ लाख बराबर क्षति भएको | | | लक्षित समूह छलफल |
| | चट्याङ | २०७० जेष्ठ | राजपुर तुलसी | १ जनाको मृत्यु भएको | | १ लाख बराबरको क्षति | | | लक्षित समूह छलफल |
| | शितलहर | २०७३ | राजपुर तुलसी | २ जना ज्येष्ठ नागरिकको मृत्यु भएको | बालीनालीमा क्षति | २ लाख बराबरको क्षति | | | लक्षित समूह छलफल |
| **वडा न ४** | बाढी | २०५० श्रावण | सरुअठा | ५ जनाको मृत्यु भएको | ५०० घर वगाएको | ३० लाख बरावरको क्षति भएको | | | लक्षित समूह छलफल |
| | बाढी | २०११, २०१२ श्रावन | सरुअठा | २० जनाको मृत्यु | १० घर वगाएको | २० हजार वरावरको क्षति | वनजंगलमा क्षति २० विघा जमिन वालुवाले पुरीएको | | लक्षित समूह छलफल |
| | बाढी | २०७४ असार २८ | सरुअठा | १ जना सामान्य घाईते भएको, | १०० घर वगेको | १० लाख वरावरको क्षति | विद्यालयको पठनपाठन वन्द भएको राहत वुझ्नेक्रममा झै झगडा भएको | | लक्षित समूह छलफल |
| | बाढी | २०७६ असार २६ | सरुअठाको पूर्वतिर वम नहर | सामान्य क्षति भएको | ५० घर वगेको, | १ लाख बारावरको क्षति | ` | राहत लिने क्रममा छिमेकी छिमेकी विच झगदा भएको | लक्षित समूह छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भुकम्प | २०४४ माघ | सरुअठा | सामान्य क्षति भएको | ५ घर भत्केको | १ लाख बरावरको क्षति | | | लक्षित समूह छलफल |
| | भुकम्प | २०७२ वैशाख १२ | सरुअठा | | १० घर भत्केको | ५ लाख बरावरको क्षति भएको | | | लक्षित समूह छलफल |
| | असिना | २०७५ चैत्र २८ | सरुअठा | | ३०० घरमा क्षति | ३ लाख बरावरको क्षति, पशु चौपायाको मृत्यु | | | लक्षित समूह छलफल |
| **वडा न ५** | वाढी | २०५० श्रावण | झुन्झुन्वा | २ जनाको मृत्यु, २५ जना मानिसहरुको घाईते भएको, | ६० वटा घर वगाएको, विद्यालय, मन्दिरमा क्षति, घरमा रहेको सवै मालसामान वगाएर लगेको, पोखरीमा क्षति भएको | १५ लाख वरावरको क्षति ३०० पशु चौपाया वगाएको । | ५० विगाहा जमिन कटान | विद्यार्थीहरु पढ्नबाट वन्चित भएको | लक्षित समूह छलफल |
| | वाढी | २०६६ श्रवन | झुन्झुन्वा | मानिसहरुलाई सामान्य चोटपटक लागेको, | ५० घर वगाएको, विद्यालयमा क्षति गरेको मालसामान, लत्ताकपडा वगाएको, पोखरीमा क्षति भएको | २० लाख बरावरको क्षति, ५० पशुचौपाया बगेको | ८ विघा जमिन कटान | सामान्य भनाभन भएको | लक्षित समूह छलफल |
| | वाढी | २०७३ श्रावन र २०७६ | झुन्झुन्वा | मानिसहरु सामान्य घाईते भएका, | १५० वटा घर वगाएको रोपिएको बालीनाली डुवान गरेको, खाद्यान्न, लत्ता कपडा सवै सामान वगाएको, विद्यालयमा सामान्य क्षति भएको | ४० लाख वरावरको क्षति, १५० वटा पशु चौपाया वगेको | १२ विगाहा जमिन कटान | | लक्षित समूह छलफल |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आगलागी | २०७३ फागुन | भुन्खुन्वा | सामान्य चोट लागेको | १ घर गोठ, लुगाफांटा, खाद्यान्न जलेको,<br>१ घर गोठ, लुगाफाटा, खाद्यान्न जलेको | १० लाख बरावर क्षति भएको,<br>७ वटा बाखा, १वटा भैसी, १ वटा गोरु, १ वटा पाडा जलेको | | | लक्षित समूह छलफल |
| | भुकम्प | २०७२ वैशाख १२ | भुन्खुन्वा | मनिसहरुमा सामान्य चोटपटक लागेको | २० घरहरुमा क्षति | १० लाख बरावरको क्षति | | | लक्षित समूह छलफल |

ऐतिहासिक समय रेखाको सूचना लाई हेर्ने हो भने विगतको ईतिहासमा बाढी, आगलागी, सडक दुर्घटना, महामारी, चटयांग, असिना आदिले क्षति गर्ने गरेको छ । यसका साथै अहिले जनावरआतंकले पनि यस गाउँपालिकामा क्षति गर्ने गरेको छ । यसरी यमुनामाई गाउँपालिकाको एतिहासिक समय रेखालाई हर्ने हो भने बारम्बार दोहोरि रहने प्रकोपका घटनामा ,बाढी, आगलागी,महामारी, शितलहर तथा हुरीवतास देखिन्छ । त्यसै गरी पछिल्लो समयमा जनावर आतंक र सडक दुर्घटनाका समस्याले पनि निकै सताउने गरेको छ। यस गाउँपालिको ऐतिहासिक विवरण अनुसारपछिल्ला ३० वर्षमा पानी कम पर्ने गरेको तथा पानी पर्दा एक्कासी अत्याधिक परी बाढी तथा डुवान हुने गरेको, बेमौसमी असिनाहरु परी कच्ची घर का साथै बालीनाली नष्ट हुने गरेको, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायुजन्य समस्याहरु देखिएकाले यहाका समुदायले जलवायु परिर्वतन तथा जलवायु जन्य समस्याहरु पनि भोग्दै आएको देखिन्छ ।

### २.२.२. प्रकोप, मौसमी तथा बालीपात्रो :

यमुनामाई गाउँपालिकामा कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गरिएको छ। जलवायु परिर्वतनका दृष्टिले पनि पछिल्ला ३० वर्षमा प्रकोपको समय र महिनाहरु के कस्तो फरक तथा परिर्वतन देखियो भन्नका लागि पनि समुदाय् तथा विपद व्यवस्थापन समिति सँग छलफल गरी तालिकामा जोखिम महिनाहरुलाई रङ लगाएर संकेत गरिएको छ।

## २.२.२.१ प्रकोप पात्रो :

| प्रकोप | समयचक्र | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वाढी | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जनावर आतङक | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शितलहर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सर्पदर्श | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| भूकम्प | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चट्याङ | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### २.२.२.२ मौसमी पात्रो :

मौसमी पात्रो अनुसार कुन कुन समयमा मनसुन वर्षा, हिउदे वर्षा, आगलागी, गर्मी, जाडा, असिना पर्ने, तुसारो पर्ने हुन्छ पछिल्लो ३० वर्षको अन्तरालमा आएको परिवर्तन अनुसार मौसमी पात्रोमा पहिचान गरिएको छ ।

| प्रकोप | समयचक्र | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्त्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वषा | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असिना | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तुसारो | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### २.२.२.३ बाली र वनस्पति पात्रो :

बाली र वनस्पति पात्रो तयार गर्दा समुदायको प्रमुख ३ वाली वा वनस्पतिसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु-कुन कुन समयमा गरिन्छ भनी पत्ता लगाउन निम्न बमोजिमको तालिका प्रयोग गरिएको छ ।

| विवरण | समयचक्र | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| विरुवाको फूल र फल लाग्ने समय | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गहुँ छर्ने समय | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने समय | पहिले(३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

प्रकोप पात्रो, मौसमी पात्रो तथा बाली पात्रो अनुसार विगतका ३० वर्ष देखि हाल सम्मको अवस्था हेर्ने हो भन्ने सामान्यरुपमा गर्मी बढ्दै गएको, पानी पर्ने क्रम कम हुदै गएको तथा मनसुन वर्षा र हिउँदे वर्षा पनि केही पछाडी हुने गरेको, सुख्खा खडेरी जान थालने क्रम बढदै गएको तथा बालि नाली लगाउने समय पनि केही पछाडी धकेलिदै गएको जस्ता जानकारी समुदाय स्तरबाट आउने गरेका देखिन्छ जसवाट यहाका समुदायले जलवायु परिर्वतन तथा जलवायु जन्य समस्या पनि भोग्दै गएका छन भन्ने पनि प्रष्ट हुन्छ ।

## २.२.३ लक्षित समूह छलफल :

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समूहमा छलफल गर्नु नै लक्षित समूह छलफल हो । समुदायका महिला, वालवालिका, सीमान्तीकृत वर्ग, ज्येष्ठ नागरिक, अपाङ्ता भएका व्यक्ति, दलित, जनजाति र अलपसंख्यक समेत सबै वर्गलाई समेटेर यस प्रकारको फलछल गरिएको छ । यस्तो छलफलमा सबै सहभागीलाई समान रूपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहित गरिएको थियो । विपद् तथा जलवायु परिवर्तनका कारण त्यस गाउँपालिकाकोकृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैबिक विविधता, जलवायु जन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार स्वस्थ्य आदि क्षेत्रहरुमा ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाव एवं भविष्यको अनुमानका बारेमा छलफल गरी निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ :

| क्र. सं. | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | विपद् र विपद्का सवाल | विपद्को घटनाक्रम निकै कम थियो | विपद्को घटनाक्रम बढेको महसुस गरिएको छ। जन र धनको निकै क्षती भइरहेको छ। | मानविय र प्राकृतिक | अत्यधिक जनसङख्या वृद्धि, सिमित प्राकृतिक श्रोत र साधनमा चाप, संरचना, बाटो बनाउदा प्राविधिक कुरामा ध्यान नदिएको र एकातिर जलवायु परिवर्तका घटनाले ठुला ठुला विपद्का घटनाहरु बढीरहेको छ। | समुदायको सहभागितामा विपद् पुर्वतयारीमा विशेष कार्यक्रम लागु गरिनुपर्ने र साथसाथै संरचना निर्माण प्राविधिक कुरालाई ध्यानमा राख्दै अल्पीकरणको कार्यलाई पनि लैजानु पर्ने हुन्छ। |
| २ | जीविकोपार्जन तथा खाद्य सुरक्षा ( जस्तैः उत्पादन बढ्नु वा घट्नु, कृषि प्रणाली वा प्रक्रियामा आएको फरक, स्थानीय प्रजाति हराउनु वा नयाँ प्रजाति प्रयोगमा आउने) | जीविकोपार्जनमा खेती किसानीलाई निकै समस्या बढिरहेको छ किनभने केही दशक एता जलवायु परिर्वतनको उतार चढाबले गर्दा उत्पादनमा निकै कमी आएको छ। | उत्पादनमा ह्रास र नयाँ प्रजातीका बिउ, बिजनमा प्रयोग बढैदै गरेको साथै किटनाशक औषदीमा वृद्धिले गर्दा क्यानसर जन्य रोग वृद्धि भइरहेको छ। | मानविय र प्राकृतिक | अत्यधिक किटनाशक औषदीको प्रयोगले गर्दा उत्पादनमा ह्रास र एकातिर जलवायु परिवर्तको घटनाक्रमले हावा र पानीमा उतार चढाव ल्याएको छ भने विपद्का घटनाले जस्तै बाढी, पहिरोले खेती योग्य जमिन नदी कटानले गर्दा उत्पादनमा कमी आएको छ। | अत्यधिक किटनाशक औषधी प्रयोगमा रोक लगाउने। आधुनिक खेतीका साथै परम्परागत खेतीमा समेत अग्रसर हुन खेतीकिसानीहरुलाई प्रेरित गर्ने। स्थानीय स्तरको हावा पानीमा सुहाँउदो खेतीपातीको व्यवस्था गर्नुपर्ने। रसायनिक मलको प्रयोग भन्दा प्राङगारिक मलको प्रयोग मा विशेष ध्यान दिनुपऱ्यो |
| ३ | मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी | मानव स्वास्थ्यमा प्रतिकुल असर बढीरहेको छ , खानेपानी, सरसफाइको कारणले महामारी | प्रदुषित खानेपानी र कमजोर सरसफाईको कारणले हैजा, झाडापखाला, टाइफाइड आदि | मानविय | जमिन अतिक्रमण गर्नको लागि वनजङगल फडानी जसले गर्दा पानीका मुहानहरु सुकेको छ ,अत्यधिक किटनाशक औषदीको प्रयोगले | समुदायमा जनचेतना अभियान समुदायको अग्रसरमा लागु गर्ने। समुदायमा विपद् पूर्वतयारी गर्न ठोस कदम चाल्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जस्ता रोगहरु वृद्धि भएको छ । | जस्ता महामारीको रोगले मानिसहरुको मृत्यु भइरहेको छ | | पानीको मुहानहरु प्रदुषित भएकोले महामारीका रोगहरु वृद्धि भइरहेको छ । | |
| ४ | वन तथा जैविक विविधता (जस्तै : वा नयाँ प्रजाति देखा पर्नु, कुनै प्रजाति लोप हुनु) | वन तथा जैविक विविधतामा ह्रास आएको छ । | बदलिदा हावा पानी ले गर्दा विभिन्न प्रजातीहरु लोप हुने अवस्थामा छन्। वन जङगल फडानीले गर्दा ले गर्दा जङगली जनावर आतङक बढेको छ | जलवायु परिर्वतन | जलवायु परिर्वतनले गर्दा बदलिदो हावा पानी संग जुध्न नसक्दा विभिन्न प्रजातीहरुको बासस्थान नै लोप हुदै गएको छ भने अर्को तिर जनसङख्या वृद्धिले गर्दा वन जङगल अतिक्रमण बढेको छ र प्रजातीहरुको बासस्थान नै लोप उन्मुख अवस्थामा पुगेको छ । | जलवायु परिर्वतन अनुकुलन कार्यक्रम स्थानिय स्तरमा लागु गनुपऱ्यो र वन जङगल अतिक्रमण रोक्नु पऱ्यो । |
| ५ | जलश्रोत तथा उर्जा (जस्तैः पानीका मुहानहरु सुक्ने वा नयाँ श्रोतहरु देखा पर्नु) | पानीको मुहानहरु सुकेको | स्वच्छ खानेपानीमा समस्या, सिचाई गर्न समस्या आदि | मनविय क्रियाकलाप | अत्यधिक वन जङगल फडानीले गर्दा पानीको मुहान सुकेको छ र अत्यधिक गिटी, वालुवा उत्खनन् र पानीको मुहानहरु निकै प्रदुषित भएको छ । | वन जङगल फडानी रोक्नुपऱ्यो, गिटी, वालुवा उत्खनन रोक प्रदुषणमा रोक |
| ६ | अन्य ....(थप्न सकिने) | | | | | |
| | | | | | | |

## २.२.४ गाउँ तथा टोलको सङ्कटासन्नता स्तरीकरण :

यस गाउँपालिकाकोसङ्कटासन्नता स्तरीकरण : विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गरिएको छ ।

| वडा नं. | मानवीय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेती योग्य भूमि र वन क्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविष्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा अंक | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | २ | ३८ | मध्यम सङ्कटासन्न |
| २ | ३ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | २ | ३८ | मध्यम सङ्कटासन्न |
| ३ | ३ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | २ | ३८ | मध्यम सङ्कटासन्न |
| ४ | ३ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | २ | ३८ | मध्यम सङ्कटासन्न |
| ५ | ३ | ३ | ३ | ४ | ४ | २ | ३ | ३ | ३ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च सङ्कटासन्न |

स्पष्टीकरण:

| क्र.सं | अङ्कभार | स्तर |
|---|---|---|
| १ | ३८ भन्दा माथी अङ्कभार | उच्च सङ्कटासन्न |
| २ | २४ देखि ३८ अङ्कभार सम्म | मध्यम सङ्कटासन्न |
| ३ | २३ भन्दा कम अङ्कभार | न्यून सङ्कटासन्न |

## २.३ गाउँपालिकाको क्षमता विश्लेषण :

## २.३.१ स्रोतको उपलब्धता तथा पहुँच

यमुनामाई गाउँपालिकामा सिमित क्षमता रहेको देखिन्छ भन्ने पूर्वतयारीको अवस्था कमजोर रहेको छ। त्यस्तै विपद् प्रतिकार्य लागि पनि गाउँपालिकाकोक्षमता कमजोर देखिन्छ। गाउँपालिकाकोक्षमतालाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

| २.४.१ | | | | | | |
|---|---|---|---|---|---|---|
| **विवरण** | **वडा न १** | **वडा न २** | **वडा न ३** | **वडा न ४** | **वडा न ५** | **जम्मा** |
| **भौतिक श्रोत** | | | | | | |
| पुल | झाँझ नदिको पुल ३ वटा पक्की, २ वटामा गाडी आवत जावत गर्न सक्ने १ झोलुगें पुल निर्माणधिन | ६ वटा पुल, जसमध्ये २ वटा जिर्ण | २ वटा पुल, झाँझ नदिको पुल र मलहिनिया टोल | झाँझ नदि २ वटा | पुल ९ वटा ,६ वटा राम्रो ३ वटा जिर्ण | |
| सडक | १० वटा मध्ये ३ वटा पक्की सडक, बाकी कच्ची सडक | १५ वटा सडक मध्ये ६ वटा पक्की, बाँकी कच्ची | ५ वटा पक्की सडक | ६ पक्की र २ कच्ची सडक | २ वटा पक्की र १ वटा कच्ची | |
| विद्यालय भवन | २ वटा विद्यालय जेठहरिया , शुकदेव चौक, ३०० जनाको क्षमता भएको | ३ वटा विद्यालय, ५०० जना क्षमता भएको | १ वटा , ३०० जना क्षमता भएको | ४ वटा , जसमध्ये सामुदायिक २ वटा र निजी २ वटा | १वटा उच्च मा वि, ३०० जना क्षमता भएको | |
| सुरक्षित आवास | ० | ० | ० | ० | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संचारका साधन | १००० मोबाइल सेट | ७०० मोवाइल सेट | २४०० मोवाइल सेट | २००० मोबाइल सेट | १००० मोवाइल सेट | |
| सामुदायिक शौचालय | ० | ० | ० | ० | ० | ० |
| सार्वजनिक धारा | ० | ० | ० | | | |
| यातायातका साधन | टयाक्टर २६ वटा मोटरसाइकल ७० वटा | ट्याक्टर २५, वाइक ५५ | १२३, मध्ये टयाक्टर १५, वाइक १००, एम्बुलेन्स १, टिपर १ ढक १ वटा, अटो ५ वटा | २१२ मध्ये, ट्याक्टर ६० वटा, ढक २ र वाइक १५० वटा | ३० टयाक्टर , ३०० वटा वाइक | |
| लाइफ ज्याकेट | ० | ० | ० | ० | ० | |
| डुंगा | ० | ० | ० | ० | | |
| मस्जिद | ५० वटा | २ वटा १०० जना क्षमता भएको | ४ वटा , २०० जना क्षमता भएको | ५ वटा , २५० जना क्षमता भएको | ३ वटा मध्ये १ वटा राम्रो बाँकी जिर्ण , प्रत्येकमा ५० जना क्षमता भएको | |
| मदरसा | ० | १ वटा ३० क्षमता भएको | ३ वटा | | ३ वटा | |
| सामुदायिक शौचालय | ० | ० | ० | ० | | |
| पुर्वसुचना प्रणाली | ० | ० | ० | ० | | |
| वारुणयन्त्र | ० | ० | ० | ० | | |
| रक्त संचार सेवा | ० | ० | ० | ० | | |
| अस्पताल तथा नर्सिगं होम, स्वास्थ्य चौकी | २ वटा मध्ये, स्वास्थ्य चौकी, १ वटा , निजी अस्पताल १ | स्वास्थ्य चौकी १ वटा | २ वटा मध्ये, आयुर्वेद स्वास्थ्य सस्था १, स्वास्थ्य चौकी १ | १ वटा स्वास्थ्य चौकी | स्वास्थ्य चौकी १ वटा | |
| खोज तथा उद्धार सामाग्री | ० | ० | ० | ० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गैरखाद्य सामाग्री | ० | | ० | ० | | |
| **प्राकृतिक श्रोत** | | | | | | |
| खेतीयोग्य भुमि | ८०० विगाहा , २५,८०० क्विन्टल उत्पादन वर्षमा | ३५० विगाहा , १५००० किवन्टल | ३०० विगाहा, २० हजार क्वीन्टल | ८०० विगाहा, ३० हजार क्वीन्टल | ५०० विगाहा, १७ हजार क्वीन्टल | |
| निजि ताल तलैया | ० | ० | ० | | | |
| **प्राकृतिक धारा -मुल)** | | | | | | |
| नदि ,नाला पोखरी इनार , कुवा | | | | | | |
| पोखरी | २ वटा पोखरी | २ वटा पोखरी , ठिकै अवस्थामा | २वटा पोखरी | १ वटा | ४ वटा, मर्मत गर्नुपर्ने | |
| नदि नाला | झाँझ, लमाहा नदि २ वटा, | झाँझ, लमाहा नदि २ वटा, | २ वटा | १ वटा | | |
| झर्ना | ० | ० | ० | ० | | |
| सिंचाइका साधन र श्रोत | ० | ७४ वटा निजी बोरिगं | ५० वटा व्यक्तिगत बोरिंग | ६४ वटा जस मध्ये सरकारी बोरिग ३ वटा र व्यक्तिगत बोरिगं ६१ वटा | ६० वटा व्यक्तिगत बोरिगं | |
| नहर | १ वटा झाँझ नहर | १ वटा झाँझ नहर | १ वटा झाँझ नहर | ० | १ वटा गण्डक नहर | |
| वन जंगल | ० | ० | ० | ० | ० | |
| पार्क, खुला स्थाान | ० | ० | ० | ० | ० | |
| खेर गइरहेको जमिन | १ विगाहा | ० | २ विगाहा, | ३० कठा | २ विगाहा | |
| खेती गरिने मुख्य वाली लगाउने समय, | धान,गहुँ, असार, कातिक मंसीर, | धान,गहुँ, असार, कातिक मंसीर, | धान,गहुँ, असार, कातिक मंसीर, | धान,गहुँ, असार, कातिक मंसीर, | धान,गहुँ, असार, कातिक मंसीर, | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| थन्कयाउने समय, उत्पादन क्वीन्टल, प्रयोग गरिने समय, विउको उपलक्धता | चैत्र , वैशाख, १ ६हजार कवीन्टल, ९८०० क्वीन्टल | चैत्र , वैशाख, १०हजार कवीन्टल, ५हजार क्वीन्टल | चैत्र , वैशाख, १२हजार कवीन्टल, ८हजार क्वीन्टल | चैत्र , वैशाख, २०हजार कवीन्टल,१० हजार क्वीन्टल | चैत्र , वैशाख, १२हजार कवीन्टल,५ हजार क्वीन्टल | |
| **आर्थिक श्रोत** | | | | | | |
| उद्योग कलकारखाना | ५ वटा इटा उद्योग | | ३ वटा इटा उद्योग | ० | | |
| व्यापार व्यवसाय पसल | १२५ वटा पसल( किराना, होटल मेडिकल | २५ वटा पसल( किराना, होटल मेडिकल | २५ वटा पसल( किराना, होटल मेडिकल | १५ वटा पसल( किराना, होटल मेडिकल | ३० वटा पसल( किराना, होटल मेडिकल | |
| नोकरी | ११२ जना विभिन्न क्षेत्रमा | ११ जना | २० जना विभिन्न क्षेत्रमा | १५० जना विभिन्न क्षेत्रमा | ६० जना विभिन्न क्षेत्रमा | |
| बचत समुह | ७ वटा बचत तथा ऋण प्रवाह गर्न सक्ने | ४ वटा बचत तथा ऋण प्रवाह गर्न सक्ने | ० | १० वटा | २ वटा | |
| विपद् व्यवस्थापपन कोष | **०** | **०** | ० | ० | ० | |
| बैंक तथा वित्तिय संस्था | १ वटा | **०** | ० | ० | १ वटा | |
| सहकारी संस्था | २ वटा | ३ वटा | १ | ० | १ वटा | |
| **सामाजिक श्रोत** | | | | | | |
| सामुदायिक भवन | ० | ० | ० | ० | १ वटा , ५० जना क्षमता भएको | |
| खानेपानी धारा | २६५ वटा | ५०० वटा, | २० वटा कल धारा | १३०० वटा कल धारा | २५ वटा कल धारा | |
| पाटी पौवा | सुकदेव चौक १ वटा प्रतिक्षालय | | ० | ० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मठ मन्दिर तथा चर्च | २ वटा वडा भित्र | २ वटा मन्दिर | ३ वटा मन्दिर | ४ वटा मन्दिर | ७ वटा मन्दिर | |
| **सामाजिक संरचना** | | | | | | |
| महिला समुह, आमा समुह | ७ वटा | | ० | १० वटा महिला समुह | | |
| अपाङ्गता भएका व्यक्तिहरु | ० | | ० | १वटा समुह | | |
| बाल क्लव | १ वटा निस्क्रिय | ० | ० | ० | १ वटा | |
| युवा क्लव | ० | ४ वटा सक्रिय अवस्थामा | ० | ० | १ वटा | |
| ज्येष्ठ नागरिक समुह | ० | ० | ० | ० | ० | |
| **मानविय श्रोत** | | | | | | |
| आधारभुत खोज तथा उद्धार तालिम प्राप्त - जनशक्ति) | ०....... | ० | ० | ० | | |
| जिल्ला विपद् प्रतियकार्य सम्बन्धी तालिम प्राप्त जनशक्ति | ० | ) | ० | | | |
| तालिम प्राप्त पौडीबाज | | | १० जना तालिम नलिएको, तर पौडिन सक्ने | ५० जना तालिम नलिएको, तर पौडिन सक्ने | १० जना तालिम नलिएको, तर पौडिन सक्ने | |
| तालिम प्राप्त स्वयसेवक | ० | ९ जना, पुर्नताजगी तालिमको आवश्यकता | ९ जना | ० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महिला स्वास्थ्य कार्यकर्ता | ९ जना वडा भित्र थप तालिमको आवश्यकता | ७ जना | ९ जना | १० जना | ७ जना | |
| तालिम प्राप्त कृषि प्राविधिक | ० | १ जना | १ जना | १ जना | ० | |
| तालिम प्राप्त पशु प्राविधिक | ३ जना | ४ जना | ३ जना | ० | ५ जना | |
| अ हे व | ८ जना | २० जना | १२जना | ३५ जना | ४० जना | |
| अ न मी | १२ जना | ९ जना | ० | १ जना | ७ जना | |
| डाक्टर | १५ जना | ० | १ जना | ३ जना | १५ जना | |
| इन्जिनियर | ० | २ जना | ५ जना | ३ जना | ८ | |
| स्टाफ नर्स | ५ जना | ४ नजा | ० | ३ जना | १५ जना | |
| ग्रामिण महिला स्वास्थ्य कार्यकर्ता | ५ जना | ९ जना | १२ जना | २५ जना | ४२ जना | |
| शिक्षक | ० | १२ जना | ५ जना | २५ जना | ५० जना | |
| कर्मचारी | १५ जना | २० जना | २५ जना | १५० जना | १० जना | |
| सिकर्मी | १०० | ८ | १०जना | १०० जना | २५ जना | |
| डकर्मी | १५० | ९ जना | १४ जना | ५० जना | २५ जना | |

### क. भौतिक क्षमता:

यमुनामाईगाउँपालिकामा केही घर पक्की, कच्ची, खपेटा तथा फुसका रहेका छन् । वैदेशिक रोजगरीले पक्की घरमा बृद्धि भए पनि सुरक्षित घर बनेका छैनन् । गरिबहरुका फुसका घर आगलागीको जोखिममा छन् भने सामान्य माटो लिपिएर भित्तालाई सुरक्षित गर्ने प्रयास भएको देखिन्छ। त्यस्तै सार्वजनिक विद्यालयहरुका २७ वटा भवनहरु रहेका छन भन्ने ती भवनहरु कमजोर छन् । स्वास्थ्य चौकी तथा अन्य सार्वजनिक भवनहरु समेत कमजोर छन् । त्यस्तै यहाँका ३६ वटा सहायक र मुख्य सडकहरु ग्राभेल छन् र प्राय बाह्र महिना नै सञ्चालनमा आउँने देखिन्छ । तर ठूलो बाढीको समयमा यहाँका प्राय: भूभाग जलमग्न भई सवारी साधन सञ्चालनमा आउँन सक्दैन । सडकमा भएका ४७ वटा मुख्य पुल तथा कल्भर्ट रहे पनि कमजोर छन् । विपद्का समयमा आवश्यक पर्ने खोज तथा उद्धार सामग्रीको उपलब्धता समान्य रहेको छ । यहाँका बासिन्दाहरुको मुख्य संचारका साधनका रुपमा प्रत्येक घर परिवारमा मोवाइल फोनको प्रयोग उपलब्धता रहेका छन ।

## ख. मानवीय क्षमता:

यमुनामाईगाउँपालिकामा सरकारी तथा नीजि क्षेत्रमा काम गर्ने करिब ५०० जना जतिको बसोबास तथा कार्यक्षेत्र रहेको देखिन्छ । त्यस्तै शैक्षिक अवस्था पनि सन्तोषजनक रहेपनि विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने व्यक्तिको अभाव छ । विपद् प्रतिकार्य गर्न स्वयंसेवकहरुका लागि योग्य मानिस आधारभुत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति १५ जना, जिल्ला बिपद प्रतिकार्य समबन्धि तालिा प्राप्त २ जना, तालिम प्राप्त पौडिबाज ३ जना, महिला स्वास्थ्य स्यंमसेविका ४० जना मात्र रहेका छन । त्यसतै यहाँ २ जना कृषि प्राविधिक, ३३ जना शिक्षक, ४० अन्य कर्मचारी, ४१ स्वमंसेवक, रहेका छन । यहाँ विपद्को समयमा अदक्ष तथा सिमित औजार र उपकरण प्राप्त व्यक्तिहरुले खोज तथा उद्धार गर्ने गरेका छन् । यस गाउँपालिकामा विपद् व्यवस्थापनका लागि सिमित कार्यक्रमहरु र घर तथा विद्यालयमा सुरक्षित बानी विकासका लागि खासै छलफल तथा घटना अभ्यास हुने गरेको छैन ।

## ग. आर्थिक क्षमता:

कृषिमा आस्रित परिवारको बहुलता रहेको यस गाउँपालिकामा कृषि उत्पादन राम्रो भए पनि व्यवसाहिक तर्फ ३५२ जनाको मात्र संलग्नता रहेका छन । वैदेशिक रोजगारीमा युवाहरु पलायन भएका छन् । शहरी तथा ग्रामिण क्षेत्रका घरपरिवारहरु सहकारी, तथा लघुबित्तमा आवद्ध भइ ऋणमा पहुच कायम भएको छ । वैदेशिक आम्दानीलाई समावेश नगरे पनि आफ्नै उत्पादनले खाद्यान्न खान नसक्ने घरपरिवार न्युन रहेको छन् । यहा ४६ घरेलु तथा साना उद्योगहरु संचालनमा रहेका छन ।

## घ. सामाजिक क्षमता :

गाउँपालिकाका बिभिन्न धर्मालम्बी तथा जातजातीहरु बिचमा भाईचारा तथा सद्भाव रहेको देखिन्छ। गाउँपालिकामा संस्थागत पहुँच समान्य रहेको छ भन्ने ५ वटै वडाहरुमा विपद् व्यवस्थापनका लागि समिति सञ्जाल तथा संयन्त्र बनिसकेको अवस्था छ। विपद् व्यवस्थापनका लागि आवश्यक नेतृत्व तथा संस्थागत विकासको अभाव देखिन्छ। यहाँ ५ वटा सामुदायिक भवन, ५ वटा पार्टी पौवाहरु, ६ मठ मंदीर र ३ मस्जिद रहेका छन। यस गाउँपालिकामा १० वटा महिला समुहहरु संचालनमा रहेका छन । जसले महिला नेतृत्व बिकासमा सहयोग गरेका छन भन्ने यहाका १८ वडा महिलाहरु नेतृत्व तहमा पुगेका छन ।

## ङ. प्राकृतिक स्रोत:

यमुनामाई गाउँपालिकाकोअधिक मात्रामा खेतीमा प्रयोग गरिने ११७५० बिघा भू उपयोग रहेका भए पनि ६५२३ बिघा खेती योग्य जमीनहरु बागमती खोलाले बगरमा परिनत गरेको देखिन्छ । यहाँ कमला खोला बाहेक पनि ससाना तीन खोलाहरु रहेका छन् । बागमती सिचाईको नहरबाट केही सय विगाहा क्षेत्रमा सिंचाई सुविधा पुगेका छन । प्राकृतिक स्रोतको रुपमा कमला खोलाबाट केही वालुवा उत्तखन्न गरिएको छ भन्ने यहाँ वन क्षेत्र रहको छैन । बाँस तथा बृक्षारोपण गरी थोरै मात्रमा हरियाली कायम गरिएको छ । खोलाका केही बिगहा बगरहरु हिउँदे महिनामा तरकारी तथा दलहन खेतीका लागि प्रयोग भई रहेको छ । यहाँ १३८ पोखरी तथा १० वटा निजी ताल र पोखरीका साथै ९ वटा कुवाहरु रहेका छन ।

## २.३.२. स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन :

माथि उल्लेख भएका सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोग बाट समुदायमा विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार प्रस्तुत गरिएको छ । तसर्थ यहा प्रयोग गरिएका स्थानीय ज्ञान, सीप र विधिको र यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्नेछ जसबाट स्थानीय ज्ञान र सीपको प्रबर्द्धन गर्न सहयोग पुग्नेछ ।

| क्र.स. | विपद्/ प्रकोपको प्रकार | विपद् भएको वर्ष/महिना | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|---|
| | | | ब्यक्तिगत रुपमा | सामुहिक रुपमा | ब्यक्तिगत रुपमा | सामुहिक रुपमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | बाढी | २०७६<br>२०७१/७२ | बास स्थान मर्मत, खाद्यान्न तथा उर्जा भण्डारण | विपद न्युनिकरणका कार्यमा सामुहिक योग्दान | बाढी अघि घर मर्मत गर्ने गरेको, बाढी पछि उचो स्थानमा/घरमा बस्ने गरेको | वर्षातको पानी निकासका लागि नालाहरुको व्यवस्था, सडकहरुमा ह्युम पाइप लगाएको, बाढीको असर कम गर्न बाँध बाधेको, एक अर्कालाई सहयोग तथा सहकार्य |
| २ | आगलागी | २०७६<br>२०७५<br>२०७३ | आगलागीबाट सावधानी अपनाउन परिवारिक पुर्व तयारी, बाल्टीन, डोरी इत्यादीको ब्यवस्था | आगलागीबाट सावधानी अपनाउन सामुहिक छलफल तथा सुचना प्रवाहका कार्यहरु, इनार तथा पानीको मुहान सफाइ गर्ने | प्रतिकार्यमा सहयोग, पानीको भण्डारण, सहयोगी निकायलाई सुचना प्रदान, बहुमूल्य सामाग्रीको संरक्षण | खोज तथा उद्धार कार्यमा सहयोग, सुचना प्रवाह, एक अर्का लाई सहयोग, समन्वय तथा सहकार्य |
| ३ | जंगली जनावर आतंक | २०७२ देखि लगातार | बालीमा घेराबेरा लगाउने, बालीनाली कुर्ने आदी | जंगली जानवर आतंक ब्यवस्थापनका लागि सामुहिक पहल, संभावित क्षेत्रमा खाडल खन्ने | जंगली जानवरलाई डराउने, भगाउने, बालीनाली काडे तारको ब्यवस्था | जंगली जानवर आतंक ब्यवस्थापनका लागि सामुहिक पहल, बन कार्यालयलाई जानकारी |
| ४ | हावाहुरी | २०७५<br>२०४४/४५ | घरको छाना, झयाल, ढोका मर्मत | सावधानी अपनाउन सामुहिक छलफल तथा सुचना प्रवाहका कार्यहरु, | घर भित्र सुरक्षित स्थानमा बस्ने, परिवारका सदस्य तथा गाइबस्तुलाई सुरक्षित स्थानमा राख्ने | खोज तथा उद्धार कार्यमा सहयोग, सुचना प्रवाह, एक अर्का लाई सहयोग, समन्वय तथा सहकार्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | शितलहर | २०७६ | घरको, भिता छाना, झयाल, ढोका मर्मत, न्यानो कपडाको जोहो तथा परिवारिक पूर्वतयारी | सावधानी अपनाउन सामुहिक छलफल तथा सुचना प्रवाहका कार्यहरु, | गरिब तथा बिपन्न बर्गलाई सहयोग गर्ने, ठाँउ ठाँउमा दाउराको ब्यवस्था | अवस्था बिश्लेषण, सुचना प्रवाह, एक अर्का लाई सहयोग, समन्वय तथा सहकार्य |
| ६ | महामारी | २०७१/७२ | घर तथा घर वरपरको सरसफाई, झुलको अनिवार्य प्रयोग र ब्यक्तिगत सरसफाईमा सजगता | सावधानी अपनाउन सामुहिक छलफल तथा सुचना प्रवाहका कार्यहरु, | सरसफाइ अभियान संचालन, स्वास्थ्य शिविर संचालन तथा सहयोगका लागि सरोकारवालालाई अनुरोध | अवस्था बिश्लेषण गर्ने, उद्धार कार्यमा सहयोग, सुचना प्रवाह, एक अर्का लाई सहयोग, समन्वय तथा सहकार्य |
| ७ | सडक दुर्घटना | हरेक वर्ष | सवारी मर्मत तथा घरका सवारी चालक सदस्यलाई तीब्र गतीमा सवारी नचलाउन सम्झाउने कार्य | रोडको मर्मत संभार तथा स्तरोन्नती गरिएको, गाँउ तथा बस्ती र बिद्यालय क्षेत्रमा गति सिमितका लागी संकेत गरिएको | घाइतेको उपचार, एम्बुलेन्सलाई खबर, प्रहरीलाइ खबर तथा सहयोग, घाइते तथा मृत्कको सनाखत तथा परिवारलाइ जानकारी गराएको | घाइतेको उपचारमा सहयोग तथा चिकित्सक र प्रहरीलाई खबर, एम्बुलेन्सलाई खबर तथा प्राथमिक उपचारको ब्यवस्था, प्रहरीलाइ खबर तथा सहयोग |

### २.२.३ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र

विपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पीकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुर्नस्थापना र पुनर्निमार्ण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी तथा गैर सरकारी निकाय, सामाजिक संघसंस्था, वित्तीय तथा सहकारी संस्था, स्वास्थ्य, सुरक्षा निकाय र अन्य मानवीय सेवा प्रदायक संघसंस्था आदिको उपलब्धता, पहुँच तथा सम्बन्धको विश्लेषण यस संस्थागत चित्रबाट गरिएको छ । यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलवायू उत्थानशिलताका सम्बन्धमा सामाजिक तथा सार्वजनिक निकाय सम्मको पहुँच देखाउन खोजिएको छ ।

यस सम्बन्ध चित्रमा समुदाय तथा संघसंस्था बीचको दोहोरो सम्बन्धलाई दुवैतिर तिर भएको रेखाले देखाइएको छ। मोटो रेखाले गहिरो तथा पातलो रेखाले फितलो सम्बन्ध देखाएको छ । विशेषगरी गाउँपालिकाका शाखाहरु, र सवै वडा कार्यालयसँग वलियो सम्बन्ध रहेको पाइएको छ । यस गाउँपालिका भित्र मुख्य रुपमा गाउँपालिकाका प्रहरी चौकी, वडा कार्यालय, वडा स्वास्थ्य चौकीहरु, युवा क्लव, बाल क्लव, मठ मन्दिर विद्यालयहरु, तथा वित्तीय संस्थाहरु, आदि रहेका छन् । विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि पहिचान भएका यी संघसंस्था वा निकायहरुबाट मुख्य रुपमा जनचेतना, राहत वितरण, आपतकालिन शिक्षा, कृतिम घटना अभ्यास, खोज तथा उद्धार, भुकम्प प्रतिरोधी संरचना निर्माण गर्ने जस्ता सहयोगहरु समुदायले प्राप्त गर्नेछन् भने समुदायको तर्फबाट पनि यी संघसंस्थाहरुको

नेतृत्व तथा कार्यक्रमहरु कार्यान्वयनमा भुमिका निर्माण गर्ने गरेको पाइएको छ। संस्थागत विश्लेषण वा सम्बन्ध चित्रको विस्तृत विवरण तथा विश्लेषण तल समावेश तालिका न ७ र चित्र न १ मा उल्लेख गरिएको छ।



| क्र.स | कार्यालय/संघसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | **वडा भित्र** | | | | | |
| | **गाउँपालिका भित्र** | | | | | |
| १ | गाउँ पालिकाको कार्यालय | सरुअठा | ७ कि.मी. | जनचेतना जगाउने, गाउँपालिका भित्र विपद् जोखिम न्यूनिकरणका कृयाकलापहरु संचालन गर्ने, खोज तथा उद्दार सामाग्रीहरुको व्यवस्था गरी राख्ने, नितिनियम तथा कार्यहरुको कार्यान्वयनमा सहजिकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने, | सुचना प्रवाह गर्ने, राहत सामाग्री उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापन गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरु संग समन्वय गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| २ | स्वास्थ्य चौकी ५ वटा | सरुअठा | ७ कि.मी. | विपद्को सममा आवश्यक पर्ने औजार तथा औषधिहरुको भण्डारण, स्वास्थ्यसँग सम्वन्धित जनचेतनामुलक कार्यक्रम गर्ने, आवश्यक जनशक्तिको व्यवस्था | घाईतेहरुको सक्दो छिटो उपचारमा सहयोग पुर्‍याउने | घाईतेहरुको सक्दो छिटो उपचारमा सहयोग पुर्‍याउने, त्यहाँ उपचार हुन नसकेका घाईतेहरुलाई जिल्ला अस्पतालहरुमा पठाउने, |
| ३ | मठ मन्दिर ६ वटा | सरुअठा | ७ कि.मी. | सामाग्री भण्डारणमा सहयोग गर्ने | आश्रय स्थलको लागि जग्गा उपलब्ध गराउने | आश्रय स्थलको लागि जग्गा उपलब्ध |
| ४ | प्रहरी कार्यालय | शुकदेव चोक | १ कि.मी. | सम्भावित घटनाहरुको लागि तयारीहरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, | खोज तथा उद्दार कार्य गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थन निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| ५ | गैर सरकारी संस्था ७ वटा | सरुअठा | ७ कि.मी. | जनचेतना जगाउने, गाउँपालिका भित्र विपद् जोखिम न्यूनिकरणका कृयाकलापहरु संचालन गर्ने सहयोग गर्ने, खोज तथा उद्दार सामाग्रीहरुको व्यवस्था गरी राखने सहयोग गर्ने, नितिनियम तथा कार्यहरुको कार्यान्वयनमा सहजिकरण गर्ने, सुरक्षित आश्रयस्थल निर्माणमा सहयोग गर्ने, | सुचना प्रवाह गर्ने, राहत सामाग्री उपलब्ध गराउने, आश्रयस्थलको व्यवस्थापन गर्न सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रय स्थल निर्माणमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरु संग समन्वय गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| ६ | कुमारी बैक १ वटा | सिकदेव चौक | ३ कि.मी. | खाद्यन्न तथा राहत व्यवस्थापनमा सहयोग गर्ने, सुरक्षित स्थानहरुमा पुर्वाधारहरु निर्माण गर्न ऋणहरु उपलब्ध गराउने, नगद तथा बहुमुल्य सामाग्री घर भन्दा बैंकमा राख्दा सुरक्षित हुन्छ भन्ने कुराको चेतना जगाउने | राहतहरु उपलब्ध गराउने, अश्रयस्थलको व्यवस्थापनमा सहयोग गर्ने | राहतहरु उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापनमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा गाउँपालिकालाई सहयोग गन, आयआर्जन तथा पुनस्थापना र पुननिर्माणमा सहुलियत दरमा ऋणहरु उपलब्ध गराउने |
| ७ | सहकारी तथा वित्तिय सस्थाहरु ६ वटा | | ३ कि.मी. | जनचेतना जगाउन, समूह वनाएर साना साना वचत गर्न लगाउने, | सुचना प्रवाह गर्ने, राहत व्यवस्थापनमा सहयोग गर्ने, राहत उपलब्ध गराउने | राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, ऋण उपलब्ध गराउने, आय आर्जनका क्रियाकलापहरुमा सहजीकरण गर्ने |

| क्र.स | कार्यालय/संघसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| ८ | सरकारी तथा व्यक्तिगत विद्यलय | गाउँपालिका | १ कि.मी. | जनचेतनाहरु जगाउने, स्वयम् सेवकहरु तयार गरी तालिमहरु प्रदान गर्ने, | उद्दारहरुमा सहयोग गर्ने आश्रय स्थल उपलब्ध गराउने, राहत सामाग्री उपलब्त्र गराउने | आश्रय स्थलको लागि भवनहरु उपलब्त्र गराउने, जनचेतनाहरु जगाउने, राहत सामाग्री उपलब्त्र गराउने, |
| ९ | युवा क्लब १ | गाउँपालिका भित्र | १ कि.मी. | जनचेतनाहरु जगाउने, विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने, विभिन्न तालिमहरु लिइ दक्षता हासिल गरी पूर्वतयारीहरु गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने,सुचना प्रवाह गर्ने घाईतेहरुको ओसार पसारमा सहयोग गर्ने, राहत सामाग्री ढुवानी तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलको सुरक्षा तथा व्यवस्थापन गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, घाईतेहरुको ओसार पसारमा सहयोग गर्ने, राहत सामाग्री ढुवानी तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलको सुरक्षा तथा व्यवस्थापन गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना तथा पुननिर्माणमा सहयोग गर्ने |
| १० | बाल क्लव ५ वटा | गाउँपालिका भित्र | २ कि.मी. | विपद् सम्वन्धि जनचेतना मुलक कार्यक्रमहरु गर्ने | विपद् सम्वन्धि जनचेतना मुलक कार्यक्रमहरु गर्ने | विपद् सम्वन्धि जनचेतना मुलक कार्यक्रमहरु गर्ने |
| ११ | कृषि सहकारी संस्था ६ वटा | गाउँपालिका भित्र | ३ कि.मी. | जनचेतना जगाउन, समूह वनाएर साना साना वचत गर्न लगाउने, | सुचना प्रवाह गर्ने, राहत व्यवस्थापनमा सहयोग गर्ने, राहत उपलब्ध गराउने | राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, ऋण उपलब्ध गराउने, आय आर्जका क्रियाकलापहरुमा सहजिकरण गर्ने, |
| १२ | किसोरी समुह ५ | गाउँपालिका भित्र | ३ कि.मी. | जनचेतनाहरु जगाउने, विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने, विभिन्न तालिमहरु लिइ दक्षता हासिल गरी पूर्व तयारीहरु गर्ने, | घाईतेहरुको ओसार पसारमा सहयोग गर्ने, राहत सामाग्री वितरणमा सहयोग गर्ने, आश्रय स्थलको व्यवस्थापन गर्ने, | राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, |
| | **जिल्ला भित्र** | | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय | गौर | ७ कि.मी. | विपद् सँग सम्वन्धित निति नियमहरुको कार्यान्वयनमा सहजिकरण, समय समयमा बैठक आयोजना गरी पूर्व तयारीका कुराहरुको समिक्षा गर्ने, राहत सामाग्रीको व्यवस्थापनमा सहयोग गर्ने, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र कामहरुको बारेमा आम नागरिकहरुलाई जानकारी गराउने, DDMP, DPRPतयार गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, सुचनाहरु प्रवाह गर्ने, आकस्मिक बैठकको आव्हान गरी राहतको व्यवस्थापन गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, सुचनाहरु प्रवाह गर्ने, बैठकको आव्हान गरी राहतको व्यवस्थापन गर्ने, राहतको लागि माथिल्लो निकायमा सुचनाहरु प्रवाह गर्ने, पुनस्थापना तथा पुननिर्माणको लागि सहजिकरण गर्ने, |
| २ | नेपाल रेडक्रस सोसाईटी जिल्ला साखा गौर | गौर | ७ कि.मी. | विपद् सँग सम्वन्धित निति नियमहरुको कार्यान्वयनमा सहजिकरण, पूर्व तयारीका कुराहरुको समिक्षा गर्न सहजिकरण गर्ने, राहत सामाग्रीको व्यवस्थापनमा सहयोग गर्ने, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रको कामहरुको बारेमा आम नागरिकहरुलाई जानकारी गराउने, | राहत सामाग्री उपलब्ध गराउने, खेजतथा उद्दार कार्यमा सहयोग गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, सुचनाहरु प्रवाह गर्ने, राहतको व्यवस्थापन गर्ने, राहतको लागि माथिल्लो निकायमा सुचनाहरु प्रवाह गर्ने, पुनस्थापना तथा पुननिर्माणको लागि सहयोग गर्ने, |

| क्र.स | कार्यालय/संघसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | | | | DDMP, DPRPतयार सहयोग गर्ने, जनचेतनामुलक कार्यक्रम संचालन गर्ने | | |
| ३ | जिल्ला जनस्वास्थ्य कार्यालय | गौर | ७ कि.मी. | औषधि उपचारहरुको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरुको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामुलक कार्यक्रमहरु गर्ने, | औषधि सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जेचना जगाउने खालका कृयाकलापहरु गर्ने | औषधि सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जेचना जगाउने खालका कृयाकलापहरु गर्ने |
| ४ | जिल्ला समन्वय समिति | गौर | ७ कि.मी. | गाउँपालिकाहरुले गरिरहेका कार्यक्रमहरुको अनुगमन गर्ने, वजेटहरुको निकासा गर्ने, निति नियमहरुको कार्यान्वयनमा गाउँपालिकाहरुलाई सहयोग गर्ने, | आश्रय स्थलहरु निर्माणको लागि सहयोग गर्ने | तथ्याङ्क संकलनमा सहयोग गर्ने गराउने, राहतहरु उपलब्ध गराउने, पुनस्थापना तथा पुनर्निर्मान कार्यको लागि वजेतहरुको विकासा तथा व्यवस्थापन गर्ने, |
| ५ | जिल्ला प्रहरी कार्यालय | गौर | ७ कि.मी. | सम्भावित घटनाहरुको लागि तयारी हरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय युवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष वनाउनको लागि विभिन्न सहयोगी निकायहरु सँग समन्वय गरी तालिम दिने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थन निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरनमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| ६ | नेपाल आर्मी | गौर | ७ कि.मी. | सम्भावित घटनाहरुको लागि तयारीहरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय युवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष वनाउनको लागि विभिन्न सहयोगी निकायहरु सँग समन्वय गरी तालिम दिने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थन निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, |
| ७ | शसत्र प्रहरी बल | गौर | ७ कि.मी. | सम्भावित घटनाहरुको लागि तयारीहरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय युवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष वनाउनको लागि विभिन्न सहयोगी निकायहरु सँग समन्वय गरी तालिम दिने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थन निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसार पसार तथा वितरनमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, |
| ८ | जिल्ला अस्पताल | गौर | ७ कि.मी. | औषधि उपचारहरुको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरुको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामुलक कार्यक्रमहरु गर्ने, | औषधि सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्ने | औषधि सहितको जनशक्ति परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्न सहयोग गर्ने, घाईतेहरुको औषधि उपचार गर्ने, |

## २.४ जोखिम पहिचान तथा विश्लेषण

### २.४.१ जोखिम व्यवस्थापन क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण

यस यमुनामाई गाउँपालिकामा जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नता र क्षमता विचको फरकलाई तुलना गरेर हेर्ने हो भने यस गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ । यस यमुनामाई गाउँपालिकामा भुकम्प, बाढी, आगलागी, शितलहर, हावाहुरी, चट्याङ, असिना, महामारी खडेरी र सर्पदंश जस्ता जोखिम रहेको छ । यसर्थ यस्ता विपद्बाट समुदायलाई सुरक्षित बनाउन जनचेतनाको कार्यहरु सँगै पूर्वतयारीको गतिविधीहरुमा समेत जोड दिनुपर्ने देखिन्छ । यसैगरी यस गाउँपालिकामा नदि , नहर, खोला , पोखरीहरु प्रशस्त रहेको , तर हाल आएर नदि, पोखरी सुक्दै र घट्दै गइरहेको, सुख्खा खडेरीको क्रमहरु बढ्दै गएको, पानीका मुहानहरु सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्यधिक पर्ने गरेको, बेमौसमी असिना पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायुजन्य समस्या पनि देखिएको छ ।

वातावरणमा आएको परिवर्तनले विगतको दशकदेखि असिना, चट्याङ, शितलहर, हावाहुरी जस्ता जोखिमहरु वर्षेनी बढ्दै गएका छन् । यसका लागि मौसमी सुचना सम्प्रेषण गर्ने, पुर्वतयारीको लागि समुदायलाई परिचालन गर्ने र प्रत्येक वडा स्तरमा पुर्वतयारीका सामाग्रीहरुको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सरसफाई अभियानमा महिला समुह ,आमा समुह, युवा क्लव, बालक्लवको भुमिकालाई जिम्मेवार गराई अभियानको रुपमा संचालन, सार्वजनिक धारा र शौचालय निमार्ण गर्दा अग्लो गरि निर्माण गर्ने, उचित ढल निकासको व्यवस्थापन गर्ने , त्यस्तै नियमित खानेपानी परिक्षण तथा शुद्धिकरण अभियान, डेंगु जोखिमयुक्त क्षेत्रमा औषधीहरु छर्ने, नि:शुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन गर्नुपर्ने देखिन्छ । स्वास्थ्य समस्याहरुले जुनसुकै बेला पनि महामारीको रुप लिन सक्ने भएकोले तथा अन्य विपद्को समयमा पनि स्वास्थ्य समस्याहरु( झाडापखाला, डेंगु , प्रजनन स्वास्थ्य समस्या) सिर्जना हुने हुँदा स्वास्थ्य सँग सम्बन्धित सबै सेवाहरुको लागि पूर्वतयारी आवश्यक हुनाले पुर्वतयारीको लागि श्रोत साधनको व्यवस्था गाउँपालिकाले गर्नुपर्ने देखिन्छ । आपत्कालिन अवस्थाका लागि यमुनामाई गाउँपालिकामा रहेका सुरक्षित तथा खुल्ला स्थानको पहिचान तथा संरक्षण र समुदायमा जानकारी गराउनु आवश्यक देखिन्छ । यस गाउँपालिकामा देखिएका मुख्य विपद्हरु भुकम्प, बाढी, आगलागी, शितलहर, हावाहुरी, चट्याङ, असिना, महामारी खडेरी र सर्पदंश जस्ता न्यूनीकरणका कार्यहरु गर्नुपर्ने देखिन्छ । यसका साथै समुदायमा विपद् जोखिम न्यूनीकणका बारेमा जानकारीहरु प्रदान गर्नुपर्ने देखिन्छ ।

यस यमुनामाई गाउँपालिकामा रहेका विभिन्न सरकारी, गैर सरकारी, निजि संघसंस्थाहरु, तथा विभिन्न महिला समुह , युवा क्लव बाल क्लवहरु, विद्यालयहरु आदि रहेका छन् तर ति संस्था तथा समुहहरु सँग विपद् पहिले तथा विपद्को समयमा समुदायले कसरी सहकार्य गर्न सक्छन् भन्ने कुरामा पनि समुदायमा प्रयाप्त ज्ञान हुनु जरुरी देखिन्छ । साथै यस गाउँपालिकामा रहेका विभिन्न क्षेत्र सँग पहुँच भएका राजनैतिक दल तथा सरोकारवाला, महिला स्वास्थ्य स्वयम् सेविका, सिकर्मी, डकर्मी तालिम प्राप्त निर्माणकर्मीहरु लगायत युवा शक्तिहरुमा विपद् सम्बन्धी पनि उचित ज्ञान सीप तथा क्षमताको विकास गरिनु जरुरी छ ।

यस यमुनामाई गाउँपालिकामा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ  र यस समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नु जरुरी छ। यसै गरि यस गाउँपालिकामा विभिन्न कार्यदलहरु पूर्वसूचना तथा सञ्चार , खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी , सरसफाई तथा स्वच्छता व्यवस्थापन जस्ता कार्यदलहरु गठन गरी ति कार्यदललाई विभिन्न तालिम तथा आपत्कालिन सामाग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ। यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालिन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदायलाई सक्षम बनाउनु जरुरी छ  । कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुदा यसै कुरालाई  मध्य नजर गर्दै यस गाउँपालिकामा बहुप्रकोप सँग जुध्नका लागि मानविय, आर्थिक , भौतिक श्रोत साधनको विकास गरी यस यमुनामाई गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाको रुपमा स्थापित गर्नु जरुरी देखिन्छ।

## २.४.२. तापक्रम र वर्षाको विश्लेषण :

यस क्षेत्रमा जल तथा मौसम मापन समबन्धि सन्यन्त्र नरहेकोले सिमरा हवाई अड्डालाई अधार मानिएको छ। जल तथा मौसम  विज्ञान विभागद्वारा रेकर्ड गरिएका तथ्याङ्क अनुसार विगत सन् १९७२ देखि २०२४ सम्मको बिवरण अनुसार अधिकतम तापक्रम ३३ देखि ४२.४ डिग्री सेन्टीग्रेड देखि न्यूनतम तापक्रम २ देखि ८ डिग्री सेन्टीग्रेड सम्म रेकर्ड गरिएको छ। औषतमा केही मात्रामा तापक्रम बृद्धि हुदै गएको देखिएको छ भन्ने बर्षाको अवस्था पनि समान्य रुपमा बृद्धि भएको तर मात्रा भन्ने बर्षे पिच्छे फरक फरक रहेको देखिन्छ।



## खण्ड-३
## दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

### ३.१ दीर्घकालिन सोंच

यमुनामाई गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यलाई व्यवस्थित तथा संस्थागत गरि यस गाउँपालिकालाई विपद् तथा जलवायुउत्थानशील गाउँपालिकाकोनिर्माण गर्न योगदान दिनु यस योजनाको दिर्घकालिन सोंच हुनेछ ।

### ३.२ परिदृश्य

यमुनामाई गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणका तथा जलावयुजन्य जोखिम व्यवस्थापनका क्रियाकलापहरूमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने र विपद्बाट हुने मानवीय, सामाजिक, आर्थिक, भौतिक, जीविकोपार्जनका साधनहरू र प्राकृतिक स्रोतमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलता र विपद् सुरक्षालाई सुदृढ गर्नु यस योजनाको परिदृश्य हुनेछ ।

### ३.३ लक्ष्य

यमुनामाई गाउँपालिकामा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै गाउँपालिकातथा स्थानीय सरकारको विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु  उत्थानशील समुदायको निर्माण गर्न योगदान पु-याई यस गाउँपालिकाकोविपद् तथा जलवायु परिवर्तनका कारण हुने मानवीय, सामाजिक, भौतिक, आर्थिक तथा प्राकृतिक क्षतिमा उल्लेख्य कमी ल्याउँने यस योजनाको लक्ष्य रहेको छ ।

### ३.४ उद्देश्य

प्राकृतिक तथा गैर प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट गाउँपालिकामा भई रहेको मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक तथा पर्यावरणीय क्षतिलाई न्युनीकरण गर्दै सुरक्षा, अनुकूलता, उत्थानशीलता र दीगोपन विकासको अनुभूति पालिकावासीलाई गराउँनु तथा सुरक्षित, स्वलम्बी र एकीकृत विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको कार्यहरुलाई गाउँपालिका आफैंले नेतृत्व तथा जिम्मेवारी लिई विकासको एक सवालको रूपमा विपद् र जलवायु परिवर्तन सम्बोधन गर्ने यस योजनाको मुख्य उद्धेश्य रहेको छ। यस योजनाको निम्न उद्धेश्यहरु रहेका छन् ।

- ❖ यमुनामाई गाउँपालिकामा विपद् तथा जलवायु परिवर्तनबाट हुने जन, धन, भौतिक सम्पति, जिविकोपार्जन, सामाजिक तथा वातावरणीय स्रोतहरुको क्षति उल्लेख्य रूपमा कमी गर्न ।

- स्थानीय क्षमतामा आधारित विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको गतिविधीहरु पालिकाको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु ।
- गाउँपालिकाका सबै वडा तथा उच्च संकटासन्न बस्ती तथा टोलमा विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा अल्पीकरणमा जोड दिई प्रभावकारी प्रतिकार्य तथा पुर्नलाभको वातावरण सिर्जना गर्नु ।
- जलवायु परिवर्तनका कारण प्राप्त अवसरहरुको अधिकतम उपयोग गर्दै गाउँपालिकालाई जलवायुमैत्री तथा वातावरणमैत्री विकासका लागि उर्जा, जलस्रोत, जिविकोपार्जन, खानेपानी, सरसफाई तथा स्वच्छता, कृषि र खाद्य सुरक्षा,  जलवायुजन्य विपद् व्यवस्थापन, वन तथा जैविव विविधता, सामाजिक समावेशीकरण, प्राकृतिक तथा संस्कृति सम्पदासम्बन्धि ज्ञान, सिप, प्रविधि तथा स्रोतको उपयोग र विस्तार गर्नु ।
- विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय सरकार, प्रदेश सरकार तथा केन्द्र सरकार, विपद्को क्षेत्रमा कार्य गर्ने संघसंस्था, सहयोगी निकाय जस्तै सुरक्षा निकाय, टेलिफोन  प्रदायक संस्थाहरु तथा अन्य सरोवारवालाहरुसँग विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका लागि प्रभावकारी समन्वय तथा सहकार्य गर्नु ।
- गाउँपालिकाको नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्न ।

## ३.५ नीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरूको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरूलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरूमा सहभागिता गराई क्षमता विकास गराउने ।

## ३.६ रणनीति

यो योजना गाउँपालिकाकोविपद् तथा जलवायु परिवर्तन अनुकूलनका लागि जनउत्तरदायी तथा स्थानीय र राष्ट्रिय प्रतिबद्धतालाई पुरा गर्ने सहायक सिद्ध बनाउँन निम्न रणनीतिका साथ तर्जुमा गरिएको र कार्यान्वय, अनुगमन तथा मूल्याङ्कन गरिने छ ।

- यमुनामाई गाउँपालिकाभित्रमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा गाउँपालिकाकोस्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरूको गठन गरिएको छ । साथै यस योजनाको लागि आवश्यक विभिन्न उपसमिति गठन, क्षेत्रगत अवधारणा तथा उपसमितिको क्षमता तथा संस्थागत विकास गरिने छ ।
- यस गाउँपालिकाको विपद् व्यवस्थापन समिति तथा गाउँपालिकाकोस्थानीय विपद् व्यवस्थापन समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरूमा सहभागिता गराई क्षमता विकास गराउने ।
- यस योजनाको कार्यान्वयनका लागि गाउँपालिका तथा स्थानीय सरकारले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरू अवलम्वन गर्नेछन् ।
- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरिएको छ र यस योजनाको कार्यान्वयनमा पनि समानुपातिक सहभागिताको रणनीति जारी राखिने छ ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।
- बाढी, चट्याङ्ग, हावाहुरी तथा जलवायुजन्य जोखिमका कारण हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि बाढी तथा बहुप्रकोपको पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि  पहल गर्ने । साथै गाउँपालिकामा पूर्वसुचना तथा विपद् सुचनाका लागि गाउँपालिकामा विपद् सुचना केन्द्र स्थापनाका लागि पहल गरिने छ ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।
- गाउँपालिकाका यस योजनाले पहिचान तथा प्राथमिकता दिएको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका योजनालाई गाउँपालिका तथा स्थानीय सरकारको स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्दै लैजाने ।

# खण्ड - ४
# स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू

विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राक्रितिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नु पर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्नेजस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई प्राथामिकताको आधारमा राखिएको छ। प्राथमिकीकरण गर्दा प्रभावकारिता, खर्चको मितव्ययीता, सम्भाव्यता तथा लक्षित वर्गमुखी छ वा छैन भनि सामुहिक छलफल गरि तयार गरिएको छ।

## ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरू

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्यधिक जोखिम रहेका समुदाय वा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियालापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ । यस चरणमा गर्नुपर्ने कार्यलाई निम्न दुई खण्डमा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ ।

### ४.१.१ नीतिगत व्यवस्था तथा निर्णय

गाउँपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार जिम्मेवारीसहित कार्यदलहरू (जस्तै-समन्वय, सञ्चार तथा पूर्वचेतावनी; खोज तथा उद्धार; राहत व्यवस्थापन तथा पुनःस्थापन; क्षति तथा आवश्यकता विश्लेषणजस्ता कार्यदल) गठन गर्न सकिनेछ । त्यसैगरी प्रचलित नेपाल कानुनबमोजिम आवश्यक नीतिगत निर्णय समेत गरी रणनीतिक कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गरिएको छ ।

- गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०८२ पूर्ण रुपमा कार्यन्वयनका लागि पहल गर्ने,
- गाँउपालिकाले विपद्मा प्रदान गर्ने राहत मापदण्ड तथा प्याकेज १ बर्षमा तयार गर्ने । त्यस्तै गाउँपालिकाले प्रदान गर्ने विपद्को क्षतिमा आधारित पुर्नस्थापना तथा पुनर्निर्माण प्याकेजको मापदण्ड तयार गरी प्रदेश सरकार तथा केन्द्र सरकारले दिने पुर्नस्थापना तथा पुनर्निर्माण प्याकेज समपुरक प्याकेजका रुपमा बढाउँने,
- गाउँपालिकाको विपद् आकस्मिक कोष संचालनमा रहेकोमा त्यसलाई विधिवत् सञ्चालन गर्ने,
- गाउँपालिकामा विषयगत क्षेत्रका आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगतक्षेत्र तथा विषयगतक्षेत्र नेतृत्व गर्ने, सदस्यहरुको छनौट समेत गरिएकोमा तथा विषयगत क्षेत्र अवधारणाको आधार एक बर्षभित्रमा तयार गर्ने,
- विकास निर्माण (पूर्वाधार) मा विपद् तथा जलवायु परिवर्तनलाई मध्यनजर राख्दै विपद्को संकटासन्नता तथा जोखिम अध्ययन गरी त्यसको अल्पीकरण पूर्वाधार निर्माणको बजेटमा एकीकृत गर्ने । यसरी जोखिमको अध्ययन तथा जोखिम न्यूनीकरणका कार्यका लागि पूर्वाधार निर्माण बजेटको २ प्रतिशत देखि ५ प्रतिशत अनिवार्य गर्ने कार्य एक बर्षभित्र शुरुवात गरी तीन बर्षभित्र पूर्ण लागु गर्ने ।

### ३.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि :

सबै विपद्का लागि समुदायमा विपद् प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका निम्न अनुसारका कार्यहरु सञ्चालन गरिने छ । प्रकोप स्तरीकरणको आधारमा प्राथमिकता प्राप्त विपद्को प्राथमिकीकरण गरी ती विपद्का लागि जनचेतना तथा क्षमता अभिवृद्धिका क्रियाकलापहरु सूचीकरण गरिएको छ । यसरी सूचीकरण गरिएको योजनालाई प्रभावकारिता, मितव्ययिता, लक्षित वर्गमुखी र सम्भाव्यताको आधारमा प्राथमिकीकरण गरिएको छ ।

| प्राथमिकता क्रम | प्रमख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| **१. भूकम्पको सन्दर्भमा** | | | | | | |
| १.१ | | भूकम्प सुरक्षाको चेतना अभिवृद्धि गर्ने | | | | |
| १.१.१ | भूकम्पको जोखिम ज्ञानको कमी | भूकम्प सुरक्षा दिवस तथा गोर्खा भूकम्प स्मृति सभा गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति | समिति | गाउँपालिका कार्यालय | बैसाख १२ तथा माघ २ |
| १.१.२ | पालिका क्षेत्रका कमजोर संरचना भएका विद्यालयहरु भुकमपीय जोखिम अवस्थामा रहेको | विद्यालयमा भूकम्प सुरक्षा सम्वन्धि विशेष कक्षा संचालन गर्ने | विद्यालय | समिति, विद्यालय, बाल क्लब | शिक्षा समिति, गाउँपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा ४ पटक |
| १.१.३ | | विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धि अतिरिक्त क्रियाकलाप जस्तै निबन्ध प्रतियोगिता, चित्रकला, वक्तृत्व कला, हाजिरी जवाफ जस्ता क्रियाकलाप संचालन गर्ने | विद्यालय | शिक्षा क्षेत्र | गाउँपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा २ पटक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१.४ | | बिद्यार्थीहरुलाई कृतिम घटना अभ्यास गराउने (घुँडा टेकी गुडिल्की ओत लागि समात) | बिद्यालय | | | बैसाख १२ तथा माघ २ |
| १. १.५ | कमजोर तथा पुराना घर भएका घरपरिवारहरु भुकमपको समुख्तामा तथा संकटसन्नतामा पर्न सक्ने | भूकम्प सुरक्षाका लागि घर दैलो कार्यक्रम ( घुँडा टेकी गुडिल्की ओत लागि समात) | गाउँपालिका विपद् व्यवस्थापन समिति तथा बाल क्लब | समिति तथा क्लब | गाउँपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा १ पटक |
| १. १.६ | | सचेतनाका लागि गाउँमा सडक नाटक सञ्चालन | गाउँपालिका विपद् व्यवस्थापन समिति, युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | गाउँपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा २ पटक |
| १.२ | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति अभाव | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति वा व्यवहारको विकास गर्ने | | | | |
| १.२.१ | | घुँडा टेकी गुडिल्की ओत लागि समातको अभ्यास घर, विद्यालय तथा सामुदायिक भेलामा चलाउँने | गाउँपालिका विपद् व्यवस्थापन समिति, युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | गाउँपालिका कार्यालय, गाउँपालिकातथा सहयोगी निकाय | बर्षमा ४ पटक |
| १.२.२ | | समुदाय तथा विद्यालयमा भूकम्पको कृतिम घटना अभ्यास गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति, युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | गाउँपालिका कार्यालय, गाउँपालिका तथा सहयोगी निकाय | बर्षमा दुई पटक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.३ | | घरमा सुरक्षित स्थान पहिचान गर्ने संचार सामग्री प्रदान गर्ने तथा अभिमुकीरण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति, युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | गाउँपालिक ।कार्यालय, गाउँपालिकातथा सहयोगी निकाय | बर्षमा एक पटक |
| १.२.४ | | झटपट झोला निर्माण तथा ब्यवस्थापन र यसका महत्व बारे जनचेतना जगाउने | गाउँपालिका विपद् व्यवस्थापन समिति, युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | गाउँपालिका कार्यालय, गाउँपालिकातथा सहयोगी निकाय | बर्षमा एक पटक |
| १.३ | भवन निर्माण आचारसंहिताको कार्यान्वयन नहुनु | भवन निर्माण आचारसंहिताको सचेतना तथा क्षमता विकास गर्ने | | | | |
| १.३.१ | | भवन निर्माण आचारसंहिता तथा सुरक्षित घरका सम्बन्धि अभिमुखीकरण | गाउँपालिका विपद् व्यवस्थापन समिति र गाउँपालिका | समिति | गाउँपालिका कार्यालय | बर्षमा एक पटक |
| १.३.२ | | भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्न संयन्त्र नियन्त्रण तथा अनुगमन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति र गाउँपालिका कार्यालय | समिति | गाउँपालिका कार्यालय | बर्षमा एक पटक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.४ | घर तथा अन्य भौतिक संरचना भूकम्प प्रतिरोधात्मक नहुनु, कच्ची तथा जीर्ण हुनु, दक्ष जनशक्ति तथा सिकर्मी तथा डकर्मी नहुनु | भवन निर्माण आचारसंहिता लागु गर्ने/भूकम्प प्रतिरोधात्मक घरहरु भवन निर्माणमा जोड दिने | | | | |
| १.४.१ | | भूकम्प प्रवलिकरणको लागि आवश्यक ज्ञान/चेतना अभिवृद्धि गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति र गाउँपालिका | समिति | गाउँपालिका कार्यालय | बर्षमा एक पटक |
| १.४.२ | | सुरक्षित घर निर्माणका लागि सिकर्मी तथा डकर्मी तालिम | गाउँपालिका विपद् व्यवस्थापन समिति | समिति | गाउँपालिका कार्यालय | बर्षमा एक पटक |
